जनकपुर
टुडेको सम्पर्क नं.
९८५४०२६०२५,
९८०१६२६०२६,
०४१-५९०१०१
विज्ञापनको लागि मात्र
jtodayad@gmail.com



छिटो र सर्वाधिक बिक्री हुने

मधेशको पहिलो 'क' वर्गको राष्ट्रिय दैनिक

# जनकपुर टुडे

Janakpur Today Daily


www.ejanakpurtoday.com






वर्ष २६ •अंक १६२ •२०८१ साल कार्त्तिक २२ गते विहिबार (7 November, Thursday, 2024) •पृष्ठ ८ •मूल्य रु. ५।-


# आज सन्ध्याकालीन अर्घ



**टुडे समाचारदाता**

जनकपुरधाम । शुद्धता, सद्‌भाव र आस्थाको महापर्व छठ पर्व आज श्रद्धा एवं हर्षोल्लासपूर्वक मनाइँदैछ । आराध्यदेव सूर्यको आराधना गरी मनाइने यस पर्वको तेस्रो दिन व्रतालुले बेलुकी कुण्ड, पोखरी र तलाउमा उभि दुबै हत्केलामा पिठार र सिन्दुर लगाएर अक्षता, फूल हालेर खेतबारीमा भएका पूजा सामग्री र घरमा बनाइएको विशेष पकवान अस्ताउन लागेको सूर्यलाई अर्घ दिइ पूजापाठ गर्ने छन् ।

सन्तान प्राप्ति, निरोगिता, सुख, समृद्धि र चर्मरोग निको हुने जनविश्वास अनुरूप पारस्परिक आत्मीयता र सद्‌भावका प्रतीक यो पर्व मनाइन्छ।

यस पर्वमा धनी, गरिब, उचनिचको भेदभावलाई छोडेर सबै वर्ग, समुदाय एउटै सांस्कृतिक पृष्ठभूमिमा पूजाअर्चनाका लागि उभिने गरेको पाइन्छ।

यस पर्वको अवसरमा चमार जातिले ढोल बजाउने, मालीले फूल, बरईले पानको पात, कुम्हारले माटोको भाँडा, डोमले बाँसका सामग्री पुर्‍याउने गरेका कारण पनि यो पर्वमा श्रम विभाजनको अत्यन्त वैज्ञानिक रूप दृष्टिगोचर हुन्छ । यस पर्वमा बाँसको सामग्रीमा अर्घ दिएपछि बंशवृद्धि ,केरामा भगवान विष्णुको वास, ठकुवामा समृद्धि र मौसमी फल प्रकतिप्रति कृतज्ञताको द्योतक भएको मान्यता पनि पाइन्छ।

छठ पर्व मनाउनुको पछाडि धार्मिक मान्यतासँगै वैज्ञानिक र ज्योतिषसम्बन्धी तथ्यहरूसमेत रहेको छ । वैज्ञानिक, ज्योतिष तथा चिकित्सकहरूले पनि सूर्य तत्वबाट आफ्नो ज्ञानको अभिवृद्धि गरी जनकल्याणका लागि अन्वेषण गरेका छन्।

ऋग्वेदमा सूर्य नै बल, यश, चक्षुस्रोत, आत्मा र मन भएको कुरालाई ध्यानमा राख्दै पनि श्रद्धालुले यो पर्वमा पूजाअर्चना गरी मनोवाञ्छित फल प्राप्त हुने विश्वास पाइन्छ।

## खरना सम्पन्न

**टुडे समाचारदाता**

जनकपुरधाम । आराध्यदेव सूर्यको उपासना गरी मनाइने छठ अन्तर्गत दोस्रो दिन व्रतीहरुले खरना सम्पन्न गरेका छन् ।



जीवनपद्धतिलाई प्रतिबिम्बित गर्ने छठ पर्वको खरनालाई पापको क्षय हुने दिन भनिन्छ। खरना अन्तर्गत गाईको गोबरले लिपपोत गरी अरबा चामलको पिठोबाट तयार पारिएको झोलले भूमि सुशोभित गरी व्रती दिनभर उपवास बस्ने परम्परा रहेको छ।

बेलुकी पख चन्द्र दर्शन गरिसकेपछि माटोको नयाँ चुल्होमा र माटोकै नयाँ भाँडोमा सखर, दूध र गम्हरीको चामलको खीर पकाइन्छ।

गम्हरी चामलको अभावमा धानको चामलको प्रयोग गरिन्छ । कतिपय परिवारमा खीरका साथै रोटी पनि पकाइन्छ । खरनामा नैवेद्य चढाउने बेलामा जतिओटा अर्घदान गरिने हो , त्यतिओटा स्थानमा केराको पातमाथि नैवेद्य चढाउने गरिन्छ । यसरी चढाइने नैवेद्यमा खीर, दूध ,केरा मूला , पान र सुपारी आदि राखिन्छन् ।

नैवेद्यलाई केराको पातमा राखेर छठीमातालाई चढाइन्छ नैवेद्यलाई उत्सर्ग गरिसकेपछि व्रती र परिवारजनले प्रसाद ग्रहण गर्ने चलन रहेको छ।





Ram janaki Auto, Bardibas 9807667666/9807874919 / Ram janaki Auto, Mahendranagar 9816898070
Ram janaki Auto, Gausala 9808366400 / Om Automobiles, janakpur 9801669170/9801668038
Om Auto Center, Jaleshwar 9801365513/ 9801600000 / Shree R.K Enerprieses, yadukuha 9819890888/9819815435
Maa Durga Automobiles, Dhanushadham 9807695558/9801605201



# छठ व्रतीलाई साडी वितरण



**टुडे समाचारदाता**

जनकपुरधाम । धनुषाको औरही गाउँपालिकाका अध्यक्ष उमाशंकर प्रसाद साहले छठ पर्वको अवसरमा छठ व्रतीहरुलाई साडी वितरण गरेका छन् ।

२६ औँ वर्ष देखि निरन्तरता दिँदै आएको हुँदा उनले यस वर्ष पनि छठ पर्वको अवसरमा ६२५ जना व्रतीलाई अध्यक्ष साहले साडी वितरण गरेका छन् ।

महाछठ पर्वको अवसरमा व्रतीहरुलाई शुभकामना दिँदै गाउँपालिकाका अध्यक्ष साहले वडा नम्बर १ को पुरन्दहीया, पौडेश्वर, पश्चिमवारी टोल, झिटकोहिया र वडा नम्बर २ को देउरीपरवाहा, भराकमा ६ सय २५ जना असहाय तथा विपन्न परिवारका छठ व्रतीलाई साडी वितरण गरेको राम उदगार यादवले बताए ।

नितेश कुमार साहको अध्यक्षतामा भएको साडी वितरण कार्यक्रममा धनुषाको नेकपा एमाले औरही गाउँपालिका कमिटीका इन्चार्ज अमित प्रधान, नेकपा एमाले धनुषाका जिल्ला सदस्य सुरेश ठाकुर, शशी साह, स्थानीय रामउदगार यादव, रामपुकार सहनी, सजन यादव, बिहारी यादव, अरुण मण्डल, उपेन्द्र चौधरी, राम गणेश मण्डल, वडा सदस्य भुपनारायण यादव, राम विलाशलगायतको समेत सहभागिता रहेको थियो ।

# भुइँकटहर खेतीबाट वार्षिक रु १५ लाखसम्म आम्दानी गर्दै विष्ट

धरान । बराहक्षेत्र नगरपालिका-६ का अर्जुन विष्टले २०७७ सालमा नेपाल प्रहरीको सेवाबाट निवृत्त भएपछि सुरुमा वैदेशिक रोजगारीमा जाने सोच बनाउनुभएको थियो । तर पछि विदेशमा गर्ने दुःख यही गर्न सके केही उपलब्धि हुन्छ कि भन्ने सोचले उहाँ कृषि क्षेत्रमा सक्रिय हुनुभयो ।

अहिले उहाँलाई तत्कालीन समयमा आफूले लिएको निर्णय सही भएको लागेको छ । तत्कालीन समयदेखि भुइँकटहर खेतीकोमा लाग्नुभएका उहाँले यसैबाट मनग्गे आम्दानी गरिरहुनभएको छ । हाल उहाँले एक विघामा भुइँकटहर लगाउनुभएको छ ।

यसबाट वार्षिक रु १५ लाख आम्दानी हुने गरेको उहाँले सुनाउनुभयो । वार्षिक रु एक लाख खर्च खर्च कटाउँदा रु १४ लाखसम्म सजिलै बचाउन सकिने उहाँको भनाइ छ । रासस

# सामा-चकेवाः दाजुभाइ र दिदीबहिनीबीचको प्रेम र भातृत्वको उत्सव

जनकपुरधाम । सामा-चकेवा मैथिली संस्कृतिको महत्वपूर्ण पर्वका रुपमा रहेको छ । यसलाई दाजुभाइ र दिदीबहिनीबीचको गाढा प्रेम, समर्पण र एकताको प्रतीक मानिन्छ । यो पर्व मिथिलाञ्चल क्षेत्रका महिलाले छठपछिको पाँचौँ दिन अर्थात् खडना (पञ्चमी) को रातदेखि कात्तिक पूर्णिमाको रातसम्म मनाउँछन् । यो पर्वको धार्मिक महत्वसहित यसमा मिथिला संस्कृति, परम्परा र समाजको भावना झल्किन्छ ।

मिथिलाञ्चल क्षेत्रसहित जनकपुरमा बोलीचालीमा 'सामा' को अर्थ रमाइलो भन्ने हुन्छ । दश दिनसम्म मिथिलाञ्चलका दिदीबहिनीले आफ्ना दाजुभाइको सौर्य वृद्धि र दीर्घायुको कामना गर्दै सामा खेल्छन् । दाजुभाइ र दिदीबहिनीबीचको प्रेम दर्शाउने यो पर्व करिब पाँच हजार वर्ष पहिले द्वापरयुगदेखि सुरु भएको मिथिला संस्कृतिका जानकार डा राजेन्द्र विमलले बताउनुभयो ।

### सामा-चकेवाको कथा

"सामा-चकेवा पर्वसँग जोडिएको पुरानो कथा महाभारत युगको हो । भगवान् श्रीकृष्णकी छोरी सामा अति रूपवती र धर्मपरायण थिइन् । उहाँको भाइ चकेवाले सामासँग अत्यन्त माया गर्थे । सामा आफ्नो परिवारसँग सुखद जीवन बिताइरहेकी थिइन् । चुगला नामको एक षड्यन्त्रकारीले सामाविरुद्ध श्रीकृष्णलाई गलत आरोप लगाई कृष्णको ध्यान आफूतिर तान्न खोज्यो । सामामाथि गलत आचरणको आरोपपछि सामालाई चरा हुने कठोर श्राप दिइयो । यो घटनाले चकेवालाई दुःखी बनायने र उहाँले बहिनी सामालाई मुक्त गराउन समर्पण, प्रार्थना र अथक प्रयासले श्रीकृष्णको मन पगाल्यो र सामालाई श्रापमुक्त गरी पुनः मानव स्वरुप दिनुभयो । यसरी सामा श्रापमुक्त हुनुको कारण भाइको प्रेम थियो", मधेस प्रदेशका नीति आयोगका पूर्वउपाध्यक्ष एवं संस्कृत विद् भोगेन्द्र झाले भन्नुभयो ।

सामा-चकेवा पर्वको विधि र परम्परा

यो पर्वमा मिथिलाका युवतीले सामा-चकेवा बनाउने परम्परा छ । माटोको सामा, चकेवा, वृन्दावन, चुगलालगायतका मूर्ति बनाई ती मूर्तिलाई सिङ्गारेर, वस्त्रआभूषणले सजाइन्छ र प्रत्येक दिन गीतको माध्यमबाट पूजा गरिन्छ । यस पर्वको सुरुमा युवती माटोको मूर्तिलाई दिनदिनै नयाँ कपडा र गहनाले सजाउँछन् । साँझमा सामा-चकेवासम्बन्धी गीत गाउँदै बाहिर तोकिएको ठाउँमा गोलाकार बसेर सामा खेल खेल्ने परम्परा रहेका संस्कृत विद् झाले बताउनुभयो । उहाँका अनुसार चकेवाको सजीवतालाई भाइको प्रेमका रुपमा लिइन्छ । सामा खेलमा चुगला पात्रलाई आलोचना गरिन्छ र अन्त्यमा यसको विसर्जन गरिन्छ । यसले दुष्टको अन्त्य र भाइबहिनीबीचको प्रेम विजय भएको प्रतीक मानिने उहाँले उल्लेख गर्नुभयो ।



कार्तिक पूर्णिमाका दिन सामा-चकेवाको विसर्जन गरिने भएकाले यस दिनलाई सामा-चकेवा पर्वको अन्तिम दिन मानिन्छ । यो दिन सम्पूर्ण गाउँका युवती नयाँ वस्त्र लगाई सजिएर सामा र चकेवाको विसर्जनमा जान्छन् । यस अवसरमा सामा र चकेवाको कथा र गीत गाएर भाइबहिनीको प्रेमलाई गाढा बनाउने जनविश्वास रहेको संस्कृत विद् झाले बताउनुभयो ।

### पर्वको सामाजिक महत्व

सामा-चकेवा पर्व मिथिला संस्कृतिमा महत्वपूर्ण पर्वका रुपमा मनाउने गरिन्छ । यसले दाजुभाइ र दिदीबहिनीबीचको अटुट सम्बन्धलाई उजागर गर्नुका साथै समाजमा भाइको भूमिका र मायालाई दर्शाउन गर्दछ । युवतीहरुले समूहमा जम्मा भएर सामूहिक गान-भजन गर्ने भएकाले यस पर्वले सामूहिक एकता र मेलमिलापको पनि सन्देश दिने जानकारहरु बताउँछन् ।

मधेस प्रदेशका नीति आयोगका पूर्वउपाध्यक्षसमेत रहनुभएका संस्कृत विद् झाले भन्नुभयो, "सामा-चकेवा पर्वले समाजमा भाइबहिनीबीचको गाढा प्रेमको कथा सुनाउने मात्र नभई यसले समाजमा नैतिकता, धर्म, र आदर्शको शिक्षा दिन्छ । कार्तिक मासे यौ भैया सामा लेलक अवतार, सयौँ बरख जियौँ यौ भैया सामा लेलक अवतार' (हे दाजुभाइ हो, कात्तिक महिनामा सामा (खेलकी प्रमुख स्त्री पात्र) ले फेरि अवतार लिएको छ । तिमी सयौँ वर्ष बाँच्छौँ, सामा (बहिनीको भाव) ले फेरि अवतार लिइसकेकी छ ।"

दाजुभाइको दीर्घायूको कामना मात्र नभएर मिथिलानी सामा गीतमा आफ्ना दाजुभाइ बहादुर, परोपकारी र दिदीबहिनीप्रति अपार स्नेह भएका भाव पनि गीतबाट व्यक्त गरिने झाले बताउनुभयो ।

यस्ता गीत सुनिरहँदा आफ्ना दिदीबहिनी हुने खुसीले दङ्ग हुन्छन् भने दिदीबहिनी नहुनेलाई मेरा चाँही किन दिदीबहिनी भएनन् भन्ने भाव पैदा हुने धनुषाको लक्ष्मीनिया गाउँपालिका-३ का सुधा देवीले बताउनुभयो । 'चलु बहिना सामा खेल भैयाके आँगन हे..जुग जुग जियथिन भैया अपन हे...!' (हिँड दिदीबहिनी हो (सामा खेल्न तयार भएकी एक महिलाले अर्की महिलालाई भन्दैछिन्) सामा खेल्न दाजुको आँगनमा जाऊँ, हाम्रो कामनाले दाजुभाइ युगयुगसम्म बाँच्नेछन् ।) मिथिला लोकसंस्कृतिको अभिन्न अङ्ग रहेको सामा पर्वले 'छोरी' नचाहिने भन्नेलाई पनि 'छोरी'को रहर जगाउने गरेको उहाँको भनाइ छ ।

"चोकचोकमा अरुका दिदीबहिनीले सामाका गीत गाएर आफ्ना दाजुभाइको सौर्य बखान गरेको सुन्दछु", दिदीबहिनी नभएका जनकपुरधाम उपमहानगरपालिका-९ का गुलाब यादवले भन्नुभयो, "आफ्ना दिदीबहिनी नभएको अभाव यस्ता पर्वमा खट्किन्छ ।" यही दिदीबहिनी नभएको न्याम्रोले आफ्नालाई पिरोल्ने गरेको भन्दै उहाँले दुई छोरा भइसक्दा पनि छोरीको कामना गरिरहेको उहाँको भनाइ छ ।

पर्वमा मिथिलानीले सतभैया (सप्तर्षि), चुगला (कुरा लगाउने, कुरौटे, झगडा लगाउने), वृन्दावन, सामा र चकेवाका माटाका आकृति अगाडि राखेर गीत गाउँदै प्रत्येक दिन चुगलाको दाह्रीमा आगोले झोस्दै त्यो दिनको खेल सम्पन्न गर्दछन् । पर्वको अन्तिम दिन (कार्तिक पूर्णिमा) मा दाजुभाइका हातबाट सामाका आकृति फुटाउन लगाएर जोतिएको खेत वा निर्जन वनमा गाडेर पर्व समापन गरिन्छ । यस अवसरमा दाजुभाइले गच्छेअनुसार दिदीबहिनीलाई वस्त्र र नगद दक्षिणा दिने चलन छ ।

दाजुभाइ दिदीबहिनीप्रति यस्तो प्रेम दर्शाउने यो पर्व करिब पाँच हजार वर्ष पहिले द्वापरयुगदेखि सुरु भएको मिथिला संस्कृतिका पण्डित शिवदत मिश्रले बताउनुभयो । यो पर्वमा दाजुको गुनलाई सम्झँदै सामाले गाएकी गीतको यादमा दाजुभाइप्रति कृतज्ञता जनाउन सामा-चकेवा पर्व मनाउने परम्परा बसेको उहाँले जानकारी दिनुभयो ।

मिथिलामा दाजुभाइ र दिदीबहिनीबीच प्रेम दर्शाउने भैयादुज, राखी र सामा-चकेवा पर्व रहेका पण्डित मिश्रले उल्लेख गर्नुभयो । भैयादुज कार्तिक शुक्ल द्वितीयाका दिन दिदीबहिनीले दाजुभाइलाई सप्तरङ्गी विजय तिलक र माला लगाएर मनाउँछन् । त्यस्तै साउन पूर्णिमामा दाजुभाइका हातमा सप्तरङ्गी डोरा (राखी) बाँधेर दिदीबहिनीले सौर्यवृद्धिको कामना गर्दछन् ।रासस

# छठ पूजामा सहभागी हुने भक्तजन बढ्दै

कैलाली । छठ पूजा सेवा समिति धनगढीले यहाँको मोहना नदी तटमा आयोजना गर्ने छठ पूजामा सहभागी हुने भक्तजन बढ्दै गएका छन् । समितिले यहाँ १२ वर्षदेखि छठ पर्वका अवसरमा मोहना नदी किनारमा पूजा आयोजना गर्दै आएको छ ।

समितिका अध्यक्ष सन्तोष मण्डलले छठ पूजाका लागि मोहना नदी किनारमा पाँच वटा घर (टेन्ट) बनाएर सुरुका वर्षमा पर्व मनाउँदै आइएकामा विगत केही वर्षयता कम्तीमा तीन सयको हाराहारीमा टेन्ट लगाएर पूजाको कार्यक्रम गर्दै आइएको जानकारी दिनुभयो । समितिका अध्यक्ष मण्डलले छठ पूजाको तयारीका लागि सुरुका वर्षमा रु ३५ हजार मात्र खर्च हुने गरेको जनाउँदै उक्त खर्च बढेर अहिले रु २० लाखको हराहारीमा पुगेको उल्लेख गर्नुभयो । उहाँका अनुसार स्थानीय तह, उद्योगी, व्यापारी, विभिन्न सङ्घसंस्था, सर्वसाधारणलगायतको सहयोगमा रकम सङ्कलन गरी समितिले प्रत्येक वर्ष पूजा सम्पन्न गर्दै आइरहेको छ ।

सुरुका वर्षमा पूजास्थलमा चहलपहल कम हुने गरेको, सुनसान हुने गरेकामा पछिल्ला केही वर्षयता करिब दुई लाखको हाराहारीमा भक्तालु तथा दर्शनार्थी अवलोकन गर्न आउने गरेका अध्यक्ष मण्डलले जानकारी दिनुभयो ।"पहिला यो पर्व पहिले विशेष गरी मिथिला समुदायले मात्र मनाउने चलन थियो । पछिल्लो समय अन्य समुदायको पनि उल्लेख्य सहभागिता हुन थालेको छ", उहाँले भन्नुभयो, "निराहार व्रत बसेर मोहना छठी घाटमा तीन सयभन्दा बढी परिवार र अन्य समुदायका व्रतालु पूजा गर्न आउनुहुन्छ । दुई हजारको हाराहरी भक्तजन नदीमा आई सूर्यनारायणलाई फूल तथा जल अर्पण गर्नुहुन्छ ।"



छठ पर्व आउनुभन्दा एक महिना अघिदेखि मोहना नदी तटमा सरसफाइ गरी भव्य रुपमा पूजालाई सफल पार्ने तयारी गरिएको समितिका उपाध्यक्ष रोशनकुमार कर्णले बताउनुभयो । "विगतका वर्षमा यो पर्वतर्फ यहाँका अन्य समुदाय तथा स्थानीयको खासै ध्यान हुँदैन्थ्यो", उहाँले भन्नुभयो, "पछिल्ला केही वर्षयता स-साना बालबालिकादेखि वृद्धवृद्धासम्म यो पर्व मनाउन र अवलोकन गर्न आउनुहुन्छ ।"छठमा व्रतालुले परिवारका सदस्यको दीर्घायु जीवन, सुख, शान्ति र समृद्धि, रोगव्याधिबाट बच्न, सन्तान प्राप्तिलगायत कामना गरी मनाउने परम्परा रहेको समितिका सदस्य चन्दन जैसवालले बताउनुभयो ।

यसवर्ष छठको तयारीका लागि धनगढीको मोहना घाटमा दुई सय ५० भन्दा बढी पूजाकक्ष निर्माण गरिएका छन् । ती निर्माण गरिएका पूजाकक्षमा टेन्ट, बत्ती, झिलिमिली बत्ती, रङ्गीचङ्गी माला, पताकालगायत सामग्रीले सजाएर आकर्षक बनाइएको छ । भक्तजन तथा दर्शनार्थीका लागि आकर्षक प्रवेशद्वार निर्माण गरिएको छ । धनगढी बजारका मुख्य स्थानमा स्वागत गेट निर्माण गरिएका छन् । नेपालको पूर्वी भेगबाट ल्याइएका कालिगडले सूर्यको प्रतिमालगायत विभिन्न देवीदेवताको मूर्ति निर्माण गरी, रङ्गाउने र सजाउने काम गरेका छठ पूजा सेवा समितिका अध्यक्ष मण्डलले जानकारी दिनुभयो ।

मोहना नदी तटीय भागको माथितिर ठूलो पण्डाल निर्माण गरिएको छ । उक्त पण्डालमा अवलोकन गर्न आउने श्रद्धालुका लागि बस्ने व्यवस्था, भक्तालुको बसोबास तथा रातभर जाग्राम बस्नेका लागि छुट्टै व्यवस्था मिलाइएको उहाँले बताउनुभयो । भजनकीर्तन, नाचगान, राष्ट्रिय तथा अन्तर र्िष्ट्रय कलाकारको प्रस्तुति, विभिन्न देवीदेवताका सांस्कृतिक झाँकीलगायत कार्यक्रम पनि आयोजना गरिने छठ पूजा सेवा समितिले जनाएको छ ।

पारिवारिक सुख, शान्ति, समृद्धि, शारीरिक कल्याण, रोगबाट मुक्ति तथा विभिन्न मनोकाङ्क्षा पूरा होस् भन्ने कामनासहित श्रद्धापूर्वक मनाइने छठ पर्वका अवसरमा पोखरी, नदी, तलाउ र जलाशयमा श्रद्धालु भक्तजनको घुइँचो लाग्ने गर्दछ ।रासस

# छठका लागि भारतबाट ५० लाखका केरा आयात



जलेश्वर । जिल्ला सदरमुकाम जलेश्वरमा छठपर्वमा बिक्री गर्ने उद्देश्यले व्यवसायीले भारतबाट रु ५० लाख बराबरका केरा भित्र्याएका छन् ।

बुधबार जलेश्वरमा लाग्ने अन्तिम हाटबजारमा रु ५० लाखको केरा ल्याइएको व्यवसायी गणेश साहले बताउनुभयो । पहिलेपहिले रु २०-२५ लाखसम्मको केरा ल्याइने गरिएकामा यस वर्ष रु ५० लाखको केरा ल्याइएको अर्का व्यवसायी उत्तिम साहले बताउनुभयो ।जलेश्वरमा केरा व्यवसाय गर्दै आएका पाँच-सात जना व्यापारीले सामूहिक रूपमै यसपालि २५ ट्रक केरा मगाएका छन्भने उनीहरूले सो ट्रकलाई आपसमा आफूले गरेको लगानीका आधारमा बाँडेर बेच्ने गरेका छन् । विगत वर्षहरूमा १५ देखि २० ट्रकमात्र केरा आउने गरेको जलेश्वरमा यस वर्ष ४० ट्रक केरा भित्रिएको छ ।

ग्रामीण क्षेत्रबाट बसाइँसराइ र आन्तरिक रूपमै पनि जलेश्वरमा दिनानुदिन बढ्दै गरेको जनसंख्यालाई मध्यनजर गर्दै यसपालि स्थानीय केरा व्यापारीले रु ५० लाखको केरा ल्याएको र सबै बिक्री हुने दाबी गरेका छन् । जलेश्वर बजारमा यसपालि केरा प्रतिघार छ-सात सयदेखि एक हजार, १५ सयसम्म बिक्री भइरहेको छ ।

बजारमा ल्याइएका गोपाल, मालभोग, वंशीभोग र मृचमान प्रजातिका केराहरु छन् । जलेश्वर नगरपालिकाको १२ वडालगायत वरपरका अन्य पालिकाका बर्तालु पनि जलेश्वर बजारमा केरा किन्न बिहानैदेखि बजार आएका छन् ।रासस

## तपाईंको आज

पण्डित : ब्रम जी

| | |
|---|---|
| मेष | : अवसर प्राप्त । |
| बृष | : वाद विवादबाट बच्नु । |
| मिथून | : नयाँ कार्य हुने । |
| कर्कट | : पुरस्कार प्राप्त लाभ । |
| सिंह | : बौद्धिक क्षमता । |
| कन्या | : प्रतिभा सम्पन्नता । |
| तुला | : शिक्षामा उन्नति । |
| बृश्चिक | : पारिवाहिक सुख । |
| धनु | : धन वृद्धि सञ्चय । |
| मकर | : प्रेम प्रसंग, मित्र सुख । |
| कुम्भ | : सुख समृद्धि हुने । |
| मीन | : भ्रमण अवसर हुने । |

राशिफलले जस्तो दिनको संकेत गरेपनि कर्म गर्दा फल राम्रै पाइन्छ ।

## महत्वपूर्ण टेलिफोन नम्बरहरू

जनकपुरधाम ०४१

| | |
|---|---|
| बारुण यन्त्र | ५२००११ |
| प्रहरी (हण्टीङ्गलाईन) | ४२००९९, ४२०२९९, १०० |
| एम्बुलेन्स (रेडक्रस) | १०२ |
| एम्बुलेन्स (मेडिकल कलेज) | ५२६०९०, ५२६०९१ |
| एम्बुलेन्स (हिमालय युवा क्लब) | ९८०४८१५१२६ |
| अञ्चल अस्पताल | ५२००३३ |
| जनकपुर सिटी हस्पिटल भानुचोक | ५२५०१, ५२५८९९ |
| नेपाल शिक्षक संघ (एम्बुलेन्स) | ९८०१६४४४५५,९८५४०२८२९६ |
| जानकी हेल्थकेयर सेन्टर रामानन्द चोक | ५२५३४१ |
| रक्तसंचार (रेडक्रस) | ५२०८७० |
| ॐ शक्ति अध्ययन अनुसन्धान केन्द्र (एम्बुलेन्स) | ९८५४०२७४३४ |
| कृष्णा नर्सिङ्गहोम | ५२१९१८ |
| विरेन्द्र डेन्टल हेल्थ केयर | ५२८४३७ |
| आँखा अस्पताल | ५२०३९७ |
| रेडियो टुडे (९१ मेगाहर्ज) | ९८०१६२६०२६ |
| एयर पोर्ट | ५९००५८, ५९००५२ |
| विद्युत फ्युज शाखा | ५९०८३४, ५९०८३५ |
| साह केबुल | ५२४७२२ |
| जानकी केबुल | ५२३७२८ |
| म्याक्स टीभी | ०४१-५९०८९७,९८०१६६८६५२ |
| नगर सेफ्टी टैंक सफाई सेवा | ५२१२६२ |
| मुजेलिया प्रहरी चौकी | ५२०७५० |
| सशस्त्र प्रहरी मुजेलिया | ५२७२१३, ५२७८०० |
| बुद्ध एयर | ५२५०२२ |
| यति एयरलायन्स, शिवचोक | ५९०३०१/५९०३०२ |
| होटल मानकी | ९८१५८९३५३४, ९८१५८९३३४३ |
| होटल रामा | ५२००५९, ५२३८५४ |
| वेलकम होटल | ९८०१६२००६५, ९८०१६२००६४ |
| गौतम होटल, बर्दिबास | ०४४-५५००३४ |
| जलेश्वर अस्पताल | ०४४-५२००७० |
| प्रहरी (जलेश्वर) | ०४४-५२०००९ |
| एम्बुलेन्स (जलेश्वर) | ०४४-५२०१०० |
| विद्युत (जलेश्वर) | ०४४-५२००६६, ५२०१६६ |

## रत्न सागर मन्दिर प्रत्येक दिन

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | : ५:०० बजे |
| बिहान पूजा आरती | : ८:०० बजे |
| भोगराज लाग्ने समय | : ११:३० बजे |
| निशुल्क अन्न क्षेत्र (दिउँसो) | : १२:०० बजे |
| मन्दिर बन्द हुने समय | : १२:०० बजे |
| खुल्ने समय (दिउँसो) | : ४००: बजे |
| रात्री आरती पूजा हुने समय | : ९:३० बजे |
| रात्री मन्दिर बन्द हुने समय | : १०:०० बजे |

## जानकी मन्दिर प्रत्येक दिन

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | : ०५:०० बजे |
| बिहान पूजा आरती | : ०७:०० बजे |
| बिहान ढोका बन्द | : १२:०० बजे |
| अन्न क्षेत्र | : निःशुल्क भोजन |
| दिउँसो ढोका खुल्ने समय | : ०४:०० बजे |
| सन्ध्या पूजा आरती:साँझ | : ०७:३० बजे |

## राम मन्दिर प्रत्येक दिन

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | : ०५:०० बजे |
| मंगल आरती | : ०७:३० बजे |
| महाप्रसाद भोग | : १२:०० बजे |
| दिउँसो ढोका खुल्ने समय | : ०३:३० बजे |
| सन्ध्या पूजा आरती साँझ | : ०७:०० बजे |
| रात्रि भोग | : ०९:०० बजे |
| पट बन्द | : ०९:१५ बजे |

# गुञ्जदै छठीका लोकभाका

महोत्तरी । मिथिलाक्षेत्र यतिबेला भक्तिमय भएको छ । सूर्यदेव र षष्ठीदेवीको आराधना गरिने लोकआस्थाको महापर्व छठ सुरु भएसँगै यस क्षेत्र अहिले भक्तिमय भएको हो । मिथिलाका जुनसुकै ठाउँमा पनि अहिले छठकै चर्चा र तयारी स्वरुप बस्तीबस्तीमा गुञ्जने सूर्यदेव र षष्ठीदेवीको महिमाका गीतले मिथिला अहिले गुञ्जायमान भएको हो ।

*'पहिलेपहिले बेर करैछी छठी मैयाके पुकार,*
*हे मैया , हम कुछ न जानी , हमरा करियौ उद्धार !!"*

(मैले यसपालि पहिलो पटक छठ व्रतको सङ्कल्प गरेकी छु, म केही नजान्ने छु, हे छठी माता मेरो उद्धार गर्नुहोस् )

यो पर्व कार्तिक शुक्ल चौथी (चतुर्थी)देखि सप्तमीसम्म चार दिनसम्म फरकफरक विधिले मनाइन्छ । पर्वका प्रत्येक विधि र तयारीसँग जोडिएका गीत पनि छन् । पर्वका लागि सामग्री तयार गर्दा, प्रसाद सामग्री बनाउन जाँतो/ढिँकी चलाउँदा कुट्दाका र विधिवत पर्व सुरु भएपछिका प्रत्येक विधिभित्रका कृयाकलाप बर्तालु मिथिलानी मधुर गीतबीच नै पूरा गर्छन ।

चार दिने छठ उत्सवको आज पहिलो दिन मङ्गलबार बर्तालुले 'नहाय-खाय' विधिबाट पर्व सुरु गरेका छन् । 'नहाय-खाय' विधि आत्मिक र शारीरिक शुद्धिबाट सुरु गरिन्छ । यसका लागि बर्तालुले सबैभन्दा पहिले हातगोडाका नङ् काट्ने गर्छन् । यसैगरी धार्मिक महत्वको जलाशयमा पवित्र स्नान गरेर व्रत सङ्कल्प गर्छन् । यस दिनदेखि बर्तालुले चोखोनीतोको ख्याल राख्ने गर्छन् । अरवा (नउसिनिएको) चामलको भात र हरियो सागसब्जीमात्र खाएर बस्ने हुँदा मैथिल परम्परामा यस दिनलाई 'अरबाअर्बाइन' पनि भनिन्छ ।

पर्वको पहिलो दिन बर्तालु जलाशयमा नुहाउने बेलामा यससँग जोडिएको भक्तिगीत गुञ्जन्छ ।

*'भोरुकामें नदीया नहाइ, हे दिनानाथ,*
*फूलपान चढाइ ना,*
*बाबा, तोहर सब गुन गाइना...!'*

(आज बिहानै नदीमा नुहादीएको छु, हे सूर्यदेव , फूलपान चढाएर तिम्रा गुन गाएका छौं)

पहिलो दिन पवित्र जलाशयमा बर्तालु नुहाइ रहँदा यो र यस्तै भावका गीत गुञ्जन्छन् । यी गीतका सम्पूर्ण भाव भक्ति, श्रद्धा र समर्पण भावका हुने मिथिला लोकपरम्पराका ज्ञाता मटिहानीस्थित याज्ञवल्क्य लक्ष्मीनारायण विद्यापिठका मैथिली भाषा, साहित्यका उपप्राध्यापक मनोज झा मुक्ति बताउनुहुन्छ ।



पर्वको दोस्रो दिन 'खरना' विधिसँग जोडिएका गीत छन् । उक्त दिन अर्थात् कात्तिक शुक्ल पञ्चमीका दिन बर्तालु दिनभर निराहार व्रत गर्छन् । राति अरवा चामल, सक्खर र गाईको दूधबाट बनेको खिर घरका इष्टदेवलाई चढाएर प्रसादस्वरुप खान्छन् । यो विधि मध्यरातपूर्व नै गरिसक्नुपर्छ । पर्वका सबैजसो गीतमा सूर्यको महिमा गाइएको हुन्छ । जसमा जगतलाई प्रकाश दिएर उज्यालो छरेको वर्णन गरिन्छ । यसैगरी षष्ठीदेवी, जसलाई मैथिल बोलिचालीमा 'छठीमाता' भनिन्छ, उहाँ अत्यन्त दयालु र दुःखीको पुकारा सुन्ने देवीका रुपमा महिमा गान हुने गरेको छ ।

यस्ता गीतमा षष्ठीदेवीलाई दीनदुखीप्रति करुणा गर्ने भाव व्यक्त हुने गरेका बर्दिबास-६ चौलिखास्थित जनहित नन्दलाल माध्यमिक विद्यालयका प्रधानाध्यापक दिलिपकुमार तिवारीको भनाइ छ ।पर्वको मुख्य दिन मानिने तेस्रो अर्थात् षष्ठी तिथिका दिन बर्तालुले दिनको प्रथम प्रहरमै स्नान गरेर निराहार व्रत प्रारम्भ गर्छन् । दिनभरि भगवान सूर्य र देवी षष्ठीको पुकारा गर्दै साँझ सूर्यास्त हुन एक घडी पहिले नै बस्तीको पवित्र जलाशयमा निर्मित घाटमा गई कम्मरसम्मको पानीमा चोबलिएर सूर्यदेव र षष्ठीदेवीको पुकारा गर्छन् ।

सूर्य पूरै नअस्ताउञ्जेलसम्म पानीमै खडा रहेर अर्घ्य दिन्छन् । हातमा अविर र चामलको पिठो नरविलसँगै उठाएर सूर्यलाई पहिलो अर्घ्य दिइन्छ । यसैगरी क्रमशः पर्वका लागि तयार गरिएका ठकुवा, भुसुवा (कसार) लगायतका मिष्टान्न परिकार र केरा एवं मौसमअनुसारका फल बर्तालुले हातमा लिई सूर्यलाई देखाउँछन् ।

*'अरघके बेर भेलै हो दिनानाथ ,*
*करियौ अरघ स्वीकार !*
*जलबीच करुणा मगैछी ,*
*हे छठी मैया, नारियल लठार !!*

(अर्घ्य दिने बेला भयो हे सूर्यदेव, मेरो यो अर्घ्य स्वीकार गर्नुहोस् । पानीबीच उभिएर दया माग्दैछु, हे षष्ठीदेवी यो जटासहितको नरिवल समर्पित गर्दछु)

निराहार व्रतका दिन साँझ अस्ताउँदा सूर्यलाई अर्घ्य दिएपछि बर्तालु सपरिवार, सवन्धुवान्धव घाटमै रातभरि भक्तिगीत गाउँदै जाग्राम बस्छन् । यद्यपि अचेल परिवारका कोही एक जना घाटमा राखेर बर्तालु घर जाने चलन पनि छ । बर्तालु घाटमै होउन् कि घर जाउन्, तर जलाशयमा निर्मित मनोरम घाटमा रातभरि सूर्य उपासनाका भक्तिगीत गुञ्जी रहन्छन् ।

राति गुञ्जने यी गीतमा 'भोलि बिहान चाँडै देखा पर' भन्ने भाव पाइन्छन् । मिथिलामा निराहार व्रतमा रही अस्ताउँदा सूर्यलाई अर्घ्य दिने यस विधिलाई 'सझिया घाट' वा 'सझुका अरख' भनिन्छ । पर्वको अन्तिम दिन अर्थात् सप्तमीका दिन बिहान बर्तालु सूर्योदय हुन कमसेकम एक घडीपूर्व (साढे दुई घण्टा) पानीमा पस्छन् । कम्मरसम्म आफूलाई डुबाएर पूर्व फर्कदै सूर्यदेवलाई चाँडै उदाइदिन प्रार्थना गर्छन् ।

*'सोनासट कुनियाँ हो दिनानाथ,*
*घुमैछी सारा संसार !*
*आन दिन उगैछी यौ दिनानाथ ,*
*आहे भोर,भिन्सर,*
*आजुके दिन यौ , लागल कति बेर !*
*उगियौ न जल्दी दिनानाथ !!*

(हे सूर्यदेव स्वर्णरुपी पात्र लिएर तपाईँको प्रार्थना गर्दैछु, तपाईँ संसार घुमी रहनुहुन्छ । अरु दिन तपाईँ एकदम बिहानै ब्रह्म मुहूर्तमा उदाउनु हुन्थ्यो, आज चाहिँ किन यति धेरै बेर लगाउनुभयो ? हे सूर्यदेव चाँडै उदाइ दिनोस् ।)प्रार्थनाबीच आफ्नो समयमा सूर्य पूर्व दिशामा देखिनासाथ बर्तालुले फेरि पहिलो दिनको झैं अर्घ्य दिन्छन् । सबै प्रसाद सामग्री सूर्यदेवलाई देखाउँछन् । योसँगै छठ पर्व विधिवत सम्पन्न गरिन्छ ।

मिथिलामा अन्तिम दिनको यो विधिलाई 'भोरका अरख' वा 'पारन' भन्ने गरिएको छ । पर्व सम्पन्न गरेर घर फर्केपछि बर्तालु र परिवारजनले प्रसाद खान्छन् । इष्टजनलाई खुवाउछन् ।

मिथिलामा छठको प्रसाद छोरीचेली, इष्टमित्र र आफन्तकहाँ एक महिनाभरि पुऱ्याइन्छ ।पर्वका यिनै विधिसँग जोडिएका भक्तिगीत अहिले गुञ्जदा सिङ्गो मिथिला छठमय बनेको छ । सबै भेटघाट छठका लागि छन् । सबै काम छठप्रति समर्पित छन् । मिथिलामा यो पर्वको व्रत पुरुष/महिला दुवैले लिनसक्ने विधान भएपनि चलनमा भने अधिकांश घरमूली महिलाले लिने गरेका छन् ।

पर्वविशेषमा विभिन्न प्रयोजनले जनजन परिचालित हुन्छन् । लगभग सबै जाति समुदायले मनाउने यो पर्व मिथिला संस्कृतिको अभिन्न अङ्ग र लोकआस्थाको महापर्व रहेको पाका मैथिल बताउँछन् । यी गीतले सबैप्रति समभाव र करुणा राख्न सम्पूर्ण मानव जगतलाई सन्देश दिने गरेको पूर्वप्रशासक जलेश्वर-४ सुगाका बासिन्दा ८५ वर्षीय कृष्णचन्द्र झाको भनाइ छ ।रासस

# सिङ्गारिँदै सिरहाका छठ घाट, मूल्य वृद्धिको मारमा भक्तजन

सिरहा । छठ पर्वको दोस्रो दिन बुधबार यहाँका नदी, खोला, पोखरी तथा जलाशय किनारका छठ घाट सिँगारिने क्रम जारी छ । भक्तजनहरु छठको तेस्रो दिन बिहीबारका लागि घाट निर्माणको अन्तिम तयारीमा छन् ।



लहानस्थित खुट्टीखोलामा छठ घाट निर्माण गर्न नगरपालिकाले निःशुल्क जेसिबीको व्यवस्था गरेको छ । नगरपालिकाको जेसिबीको सहयोगमा आज बिहानैदेखि छठ घाट निर्माण सुरु गरेको स्थानीय अरविन्द साहले बताउनुभयो । नगरकै सहयोगमा वर्षभरि नदी किनारमा थुप्रिएका फोहोर सफाइ गरिएको उहाँले जानकारी दिनुभयो ।

दीपावली सकिएलगत्तै छठ पर्व सुरु भएपछि नगरका नदी, जलाशय तथा पोखरी किनारमा छठ पूजा लक्षित सरसफाइमा जुटेको नगरपालिकाका सरसफाइ संयोजकसमेत रहनुभएका नगरप्रमुख महेशप्रसाद चौधरीले बताउनुभयो । उहाँले भन्नुभयो, "नगरको सरसफाइ युनिट यहाँका पोखरी, नदी तथा जलाशयको सरसफाईमा परिचालित गरिएको हो ।"

सिरहा र धनुषाको सिमाना भएर बग्ने कमला नदी तथा सिरहा र सप्तरीको सिमाना भएर बग्ने बलान नदीसहित यहाँका स्थानीय पोखरी, गागन खोला, मैनावती खोला, सर्रे खोला, कमला सिँचाइ नहर तथा शाखा नहरलगायत जलाशय किनारमा बाँस गाडेर छठ घाट बनाउने काम सुरु भएको हो ।जिल्ला सदरमुकाम सिरहासहित मुख्य बजार लहान, धनगढीमाई, गोलबजार, मिर्चैया, कर्जन्हा तथा नेपाल भारत सिमाना नजिकका हुलाकी बजारहरुमा छठमा प्रयोग हुने केराको घरी तथा अन्य प्रसाद सामग्रीको किनमेल गर्ने भक्तजनको घुइँचो बढेको छ ।

**छठ पूजाका सामग्रीको मूल्य उच्च**

यहाँका बजारमा छठ पूजाका सामग्रीको मूल्यमा उच्च वृद्धि भएको छ । यस वर्ष उखु प्रति लाँक्रा रु २०, नरिवल प्रतिगोटा रु ६०, भोगटे रु २०, केरा प्रतिघरी रु एक हजारसम्म बिक्री भइरहेको छ । छठको विशेष सामग्री माटोको हात्तीको मूल्य रु दुई सय तोकिएको छ । गत वर्षको तुलनामा उक्त सामग्रीको मूल्य दोब्बरले वृद्धि भएको भक्तजनको गुनासो छ ।

केरा व्यापारी श्रीप्रसाद गुप्ताका अनुसार पहाडी जिल्ला र कोशी प्रदेशको मोरङ, धनकुटा, सुनसरीबाट ल्याइने केरा यसवर्ष महँगोमा खरिद गर्नुपरेको छ । त्यसैगरी बजारमा ढकिया, नाङ्लो, र कोनियाको मूल्य पनि बढेको छ । ढकिया प्रतिगोटा रु चार सय, नाङ्लो रु तीन सय ५० र कोनिया रु एक सय ५० पुगेको छ ।रासस

# खाद्य व्यवस्था कम्पनीद्वारा चामल उत्पादन सुरु

जनकपुरधाम । सरकारको स्वामित्वमा रहेको खाद्य व्यवस्था तथा व्यापार कम्पनी लिमिटेड प्रादेशिक कार्यालय जनकपुरधामले पौष्टिक तत्व भएको (भिटामिनयुक्त) चामल उत्पादन सुरु गरेको छ । धान र चामलको खरिद-बिक्री गर्दै आएको सो कार्यालयले पौष्टिक तत्व भएको भिटामिनयुक्त चामलसमेत उत्पादन गरेर वितरण सुरु गरेको सो कार्यालयका कार्यालय प्रमुख गङ्गाप्रसाद साहले जानकारी दिनुभयो ।

विश्व खाद्य कार्यक्रमअन्तर्गत जनकपुरस्थित सो कार्यालयको हाताभित्र फोटोफिकेसन प्लान्ट जडान भएको छ तथा त्यस प्लान्टबाट सो भिटामिनयुक्त चामल उत्पादन भइरहेको बताइएको छ ।


त्यहाँ चामलको गुणस्तर समेत जाँच गरिन्छ । २०८१ वैशाख महिनामा प्लान्ट जडान भएको हो । प्लान्ट जडान भएपछि यस कार्यालयबाट उत्पादन सुरु भएको सो पौष्टिक चामल कर्णाली प्रदेशमा वितरण गरिँदै आएको छ ।

पौष्टिक तत्व भएको चामल विश्व खाद्य सङ्गठनले भारतबाट खरिद गरी त्यसलाई उक्त प्लान्टमा पीठो बनाउने र प्रति एक सय केजी बोरा चामलमा एक केजी पीठो मिसाएर (पौष्टिकतत्व) भिटामिनयुक्त चामल उत्पादन गरी कर्णाली प्रदेशका कुपोषित जनतालाई वितरण गर्ने गरिएको प्रमुख साहले भन्नुभयो ।

विश्व खाद्य कार्यक्रमअन्तर्गत उक्त प्लान्ट खाद्य संस्थानको सुर्खेत, जनकपुर तथा काठमाडौं कार्यालयमा जडान गरिएको छ । भारतको रासन वितरणमा यो चामल अनिवार्य त्यहाँको सरकारले गरेको छ ।

सो कार्यालयले अरुवा सोना मन्सुली तथा बासमती चामल सहुलियत तथा छुट मूल्यमा बिक्री सुरु गरेको कार्यालय प्रमुख साहले बताउनुभयो ।रासस



**अन्यत्र गरेको पापबाट जनकपुरधाममा मुक्ति पाउन सकिन्छ ।**
**जनकपुरधाममा गरेको पापबाट मुक्ति पाउने स्थान अन्यत्र छैन ॥**

## सम्पादकीय

### छठको शुभकामना

आस्थाको महापर्व छठ आज धुमधामका साथ मनाइँदैछ। छठ पर्वको मुख्य दिन बिहीबार संध्या अर्घ दिएर भगवान सूर्यदेवको पूजा गरिनेछ । नहायखाय र खरना सम्पन्न गरेका व्रतालुहरु उपवास बसेको १२ घण्टा भइसकेको छ। अर्को २४ घण्टापछि व्रत पुरा हुनेछ । आफ्नै खेतबारीमा उत्पादन गरिएको पहिलो अन्न, तरकारी, फलफूलले भगवान सूर्यदेवको किसानले पूजा गर्छन् । छठ पर्व सम्पूर्ण रुपमा कृषिमा आधारित छ। छठ पर्वको प्रमुख पकवान अथवा प्रसाद मानिने ठेकुवा, भुसुवा किसानको आफ्नै उत्पादनबाट बनाइन्छ। उखु, केला, मुला, अदुवा, बेसार, निम्बु, पान, नरिवल इत्यादी सबै किसानको आफ्नै उब्जनी हो । छठ पूजाको अर्घमा राखिने सबै वस्तुहरुको उत्पादन हुने सिजन पनि यही हो । भगवान सूर्यको किरणले बालीनाली सप्रिने भएकाले किसानहरु निष्ठापूर्वक भगवान सूर्यदेवलाई अर्घ दिने गर्छन् । किसानका लागि सूर्यको प्रकाश र जल दुवै अत्यावश्यक हो। त्यसैले छठ पर्वमा जल र सूर्य दुवैको पूजा गरिन्छ। संसारमै अस्ताउँदो सूर्यको पूजा कतै गरिदैन । तर मिथिलामा अस्ताउँदो सूर्यलाई अर्घ दिएर भगवान सूर्यदेवलाई सदैव शीतलता प्रदान गरिराख्न आग्रह गरिन्छ। बिहान उदाउँदो सूर्यलाई अर्घ दिएर छठ पर्व सम्पन्न गरिन्छ। छठ पर्वमा निष्ठापुर्वक पवित्रतालाई कायम राखिन्छ। छठ पर्वको अराधनाले सन्तान प्राप्ति, आरोग्यता, धन प्राप्ति हुने धार्मिक मान्यता छ । छठ पर्वमा तान्त्रिक विधाको पनि प्रयोग भएको हुन्छ । खासगरी ठकुवा बनाउने साँचमा कोरिएको कलाकृति तान्त्रिक विधासित मिल्दोजुल्दो हुन्छ । छठमा छठीमाईको पनि पूजा गरिन्छ। अर्घ सूर्य भगवानको दिए पनि षष्ठी देवी भएकाले छठीमाईको रुपमा उनको पूजा गरिन्छ। मिथिलाकै कतिपय स्थानमा संध्याकालमा दिने अर्घका लागि बनाइएको पूजा सामग्री बिहान दिने अर्घमा प्रयोग गरिदैन । बिहान दिने अर्घका लागि छुट्टै पूजा ठकुवा, भुसुवा ताजा बनाइन्छ। तर अधिकांश स्थानमा साँझ दिने अर्घलाई नै बिहान पनि दिने गरिन्छ। ठाउँ अनुसार पूजा विधिमा थोरै फरक देखिए पनि पूजा सामग्री र अधिकांश विधि एकै किसिमको हुन्छ । उपवास, व्रत र जलाशयमा उभिएर गरिने पूजाको विधिविधानमा कुनै फरक छैन । छठ पर्वको सबैमा हार्दिक शुभकामना ।

# छठ माए अएलीह दुअरिया सजाओल हे



हिमांशु चौधरी

*छठ माए अएलीह दुअरिया सजाओल हे*
*पोखरि खुना सजाओल हे*

सूर्य उपासनाको विस्तारित रुप छठ पर्वको सन्देशमूलक यो गीत यत्रतत्र गुन्जित भइरहेकोछ । धार्मिक एवं वैज्ञानिक महत्व, सामजिकता , सांस्कृतिक सद्भाव एकरुपता , आार्थिक र कृषि क्रान्तिको परिवेश बोधक छठ पर्वका लागि नदी र पोखरीमा घाट निर्माण र सवावटको कार्य अन्तिम चरणमा पुगि सकेको सन्देश यो गीतले दिइरहेको छ ।

मूल विधि चतुर्थीदेखि शुरू भइ षष्ठीका दिन बेलुकी अस्ताउन लागेको र सप्तमीका दिन उदाउँदो सूर्यलाई अर्घ दिइ पूजापाठ गर्दा सन्तान प्राप्ति , निरोगिता , सुख समृद्धि र चर्मरोग हुने जनविश्वास अनुरूप यो पर्व कुनै समय प्राचीन मिथिला भू-भागभित्र मात्र प्रचलित रहेकोमा कालान्तरमा देश-देशान्तरसम्म विस्तार हुँदै गएको पाइन्छ । सूर्य उपासना र पूजाको विभिन्न उदाहरण भए पनि ५ हजार ईसापूर्व याज्ञवल्क्यले सूर्य उपासना गरेको तथ्यगत अवस्थाले मूलतः यसलाई मिथिलाको मानिदै आएको छ कालक्रममा १ हजारदेखि ६ सय ईसापूर्वमा बज्जिका संघका सदस्य मिथिला र वैशाली दुबै भएपछि कला संस्कृति मिसिएपछि गंगाघाटीसम्म मनाइँदै आएको छ । नेपालमा लिच्छवि कालदेखि सूर्य उपासनाको प्रादुर्भाव भएको प्रमाण काठमाण्डुको सूर्य मूर्तिहरुले पुष्टि गर्दछ ।यसरी वैदिक अनादि कालदेखि मनाइँदै आएको यो पर्व वर्तमानमा आस्था एवं सामाजिक स्वरुप ग्रहण गरेको पाइन्छ ।

सूर्य ब्रह्माण्डको विशाल र महत्वपूर्ण अवयव रहेको पृष्ठभूमिमा सूर्य पूजाको परम्परा सबै सभ्यता ,धर्म ,समुदाय र युगमा पाइन्छ । बेबीलोनका निवासीहरूले सूर्यलाई अपोलो, जर्मनी, लिथिनिया सूर्यलाई देवी ,जापानीहरू इजानागी र इजानामीलाई आदि पुरूष र आदि नारी मान्ने गर्दछन् र यी आदि पुरूष , आदि नारीबाट नै सूर्यको जन्म भएको विश्वास राख्छन् भने मिश्र सभ्यतामा एटम अथवा रे भनी सूर्यको पूजा गर्ने गरिन्छ। द बुक अफ रेगुलेशन भन्ने बाइबलको एउटा अध्यायमा आदिशक्ति सूर्यका बारेमा उल्लेख छ। सृष्टिको मूल , उर्जाको स्रोत र जीवन आदिशक्ति सूर्य भएको सिद्ध हुन्छ। यसलाई देवी - देवताको रुपमा आराधना गर्ने चलन रहेको छ। कतै देवी , कतै देवताका रुपमा आराधना गरिने क्रममा वेदमा मानवको कल्याण गर्ने प्राकृतिक स्रोतलाई देवी-देवताको रुपमा कल्पना गरिएको पाइन्छ । मिथिलाञ्चलमा भने पुराणको प्रसंगका आधारमा सूर्यलाई देवी र देवताका रुपमा आराधना गर्ने मान्यता छ ।

मानवलाई सर्वप्रथम उज्यालो दिने , जिउमा गर्मी उत्पन्न गर्ने , रोगव्याधिबाट जोगाउने सूर्य नै भएकाले स्वभावतः मानव सूर्यप्रति आकर्षित भइ सूर्य आराधनाको क्रम शुरू भएको मान्यता पाइन्छ। छठ पूजामा छठीमाईको पूजा गर्ने चलन पनि वैदिक अनुष्ठानमा तान्त्रिक अनुष्ठानको सम्मिश्रण रूप मानिन्छ । यो पर्वको सम्पादन षष्ठी तिथिमा हुने भएकाले यसको तद्भव रूप छठले परमेश्वरीका रूपमा लोकमानसमा आस्थाको महापर्वको स्थान ग्रहण गरेको देखिन्छ।

सूर्यको महिमा सबै सम्प्रदाय र ग्रन्थमा रहेको छ। ऋग्वेदमा भनिएको छ," हे आकाशकी छोरी उषा मलाई अन्न , धन , छोराछोरी देउ ,वरदान देउ कि म सधैं बिहान ओछ्यानबाट उठेर बलिष्ठ छोराहरूको मुख देख्न सकौं ।" सूर्यौपनिषद्मा सूर्यलाई नै ब्रह्माको साकार रूप बताइएको छ। यतिमात्र होइन यस ग्रन्थमा सूर्यलाई जगतको पति भनी सम्बोधन पनि गरिएको छ।

यो पर्व कबुला (भाकल) गरेअनुसार गरिन्छ , भाकल नगरी यो व्रत गरिदैंन । भाकल पनि अनेक प्रकारले गरिएको पाइन्छ । कोही अरूको हातबाट अर्घदान गराउने भाकल गरेका हुन्छनु भने कोही आफै व्रत गर्ने भाकल गरेका हुन्छन्। यस्तै एउटा अर्घ चढाउनेदेखि जोडा अर्घका साथै पूर्णप्रति अर्घदान गर्ने समेत भाकल गरिएका हुन्छन् ।

यसमा कोसिया , कुरबार , छिट्टा ,अर्घ इत्यादि सबैथोक दुई-दुई प्रति चाहिने हुन्छ ।यस्तै माटोका हात्तीमाथि अर्घ चढाउने , आँगनमा तथा घाटमा आँचलमाथि नटुआनाच गराउने , बाजा बजाएर अर्घदान गर्ने , भीख मागेर छठ गर्ने भाकल पनि गर्ने गरिएको पाइन्छ । त्यस्तै साधारणतः अर्घ दिने , पानीमा उभिने , घरदेखि घाटसम्म दण्ड दिदै जाने तथा पानीमा उभिने जस्ता भाकलसमेत गरिएको देखिन्छ। यस्ता भाकल एकवर्षका लागि गर्नुका साथै पाँच वर्ष , दश वर्ष अथवा आजीवन समेतका लागि गरिने गरिएका हुन्छन् ।

व्रतालुले शरीर शुद्धि गर्न नुहाइ भोकै अन्नजल नलिइकन बस्ने दिनलाई खरना भनिन्छ । यो दिन दिनभरि शरीर खारिने हुनाले यसलाई खरना भनिन्छ। राति देउतालाई चढाएर खीर खाइन्छ। परिवारजनले यसलाई प्रसाद भनी ग्रहण गर्छन । अर्को दिन व्रतालु अन्न र जल बिना उपवास गर्छन र साँझपख जलाशयमा अस्ताउँदो सूर्यलाई अर्घ दिइ घर फर्की बिहानीपख उदाँउदो सुर्यलाई अर्घ दिई उपवास तोडछन् , यसलाई पारण भनिन्छ । संयोगवश कुनै बेला हुस्सु लागेर सूर्योदय हुन ढिलाइ हुँदा व्रतालु सूर्यको प्रार्थना गर्दै गाउँछन् :

***आन दिन त उगलह हे दीनानाथ भोरे भिनसरवा***
***आजुक दिनमा हे दीनानाथ कतए लागल बेर.....।***



अर्थात् हे दीनानाथ अन्य दिन त बिहानै उदाउनुहुन्थ्यो तर आज किन यत्रोबेला भइसक्दा पनि उदाउनुभएन ? गीतको लामो शृंखला चल्छ। मूलतः छठ गीतमा पर्वको विशिष्टता , पवित्रता र भक्तिभाव प्रदर्शित गरिएको हुन्छ भने अर्कोतिर पर्व गर्न नपाउने बाँझीहरूको पीडा पनि अभिव्यक्त भएको हुन्छ।

छठ पर्वको पवित्रतासँग सम्बन्धित एउटा गीतमा अर्घका लागि राखिएको केराको घरीमाथि उडिरहेको सुगालाई हकार्दै यसरी भनिएको छ :

***उजे केरबा फरल घओंद से***
***आइ पर सुगा मरडाए***
***उजे मारबौ रे सुगबा धनुख से***
***सुगा गीरे मुरिछाए***
***उजे सुगनी जे रोअले वियोग से***
***आदित होख न सहाए.............***

अर्थात् केरालाई न छोउ है , जुठो नबनाउ। नत्र धनुषवाणले मार्नेछौं , तिम्री सुगिनी वियोगले छटपटिन थाल्नेछिन् ,फेरि सूर्यलाई नै गुहार्नेछिन्- हे सूर्य सहायता गर । त्यस्तै बाँझी महिलाले यो व्रत गर्न नसकेकोमा दीनानाथ ( सूर्य ) सँग दुखेसो यसरी पोख्ने गर्छिन :

***गहबर निपिते हो दीनानाथ***
***तरहथिया गेल खिआए***
***धूपबो जे दैत हो दीनानाथ***
***चुटुकियो गेल कटाए***
***तैयो ने छुटल हो दीनानाथ***
***बझिंनिया परधान ............. ।***

अर्थात् तिम्रो मन्दिरमा पूजा अर्चना गर्दागर्दै थाकी सकें तर बाँझी पद मैले छुटाउन सकिन ।


यस पर्वमा जीव र जगत् एकाकार भइ दुबैको शक्ति मिलेर एउटा नयाँ शक्ति , उर्जा र ओजले नयाँ आकार ग्रहण गरिरहेको हुन्छ। प्रकृतिमा अजस्र शक्ति भएको र सम्भवतः यो चमत्कार व्रतालुको कठोर तपस्या , शुद्धता र पवित्रताले कारणले पनि हुनुपर्छ । अतः यो पर्वमा प्रकृतिबाट गृहिणीले आफ्ना सन्तान ,पति ,परिवारजनलाई शुभशक्ति , शान्ति ,सुमंगल हस्तान्तरण गर्ने शक्तिशाली पर्व पनि हो ।

यस पर्वको तेस्रो दिन अर्थात् षष्ठीलाई पर्वको प्रमुख अंशका रूपममा मानिन्छ। यो दिन बिहानैदिखि चामल र पीठोको ठेकुवा ,कसारलगायत परिकार पकाइन्छ। तयार पारिएका परिकार , पाँच थरिका मिठाइ , उखु , अदुवा , नरिवल , मूला , सुथनी लगायतका प्रसाद बाँसको टोकरी , नाङ्गलो र सुप्पो राखी शुद्ध जल र गाईको दूधसहित व्रतालुहरू परिवारसहित नजिकका जलाशयमा जान्छन् र व्रतालु अस्ताउँदो सूर्यलाई अर्घ दिन्छन् । भोलिपल्ट सप्तमीका दिन व्रतालुले उदाउँदो सूर्यलाई अर्घ दिएपछि यो पहापर्वको महायात्रा सम्पन्न भएको मानिन्छ।

वैज्ञानिक दृष्टिकोणले छठ अन्तर्गत उपवास , सरसफाई र विशेष अनुशासनले मस्तिष्कलाई निर्विषीकरण (डिटोक्सिफीकेशन ) मा टेवा पुर्‍याउँछ , आधा शरीर पानीमा डुबाइ उभिनुले प्राप्त शक्ति बाहिर आउनमा कमी आउनु र शक्ति मस्तिष्कमा केन्द्रित रहनु , कौस्मिक शक्तिले आँखाको रेटिना र छालाको माध्यमले पिट्यूटरी, हाइपोथालामस र पिनियल ग्रन्थीमा प्रवेश गर्नु , कौस्मिक शक्तिले निष्क्रिय तन्तुलाई सक्रिय पार्ने मान्यता पाइन्छ। वैज्ञानिक रूपले सुर्योदय र सुर्यास्तको बेला मानव सुरक्षिततवरले सौर्य शक्ति प्राप्त गर्न सक्ने तथ्य रहेको छ।

खेतीपाती र लोकजीवनसँग गहिरो सम्बन्ध ,सांस्कृतिक समन्वय र समाजिक सद्भावको मियोका रूपमा रहेको यो पर्व कर्मशीलता प्रदर्शनको पनि पर्व हो ,यसले धार्मिक समन्वय र सहिष्णुताको कार्य पनि गरेको छ। त्यसैले यसलाई आरोग्य र उन्नतिदायक पर्व पनि भनिन्छ। यसमा पुजिने सूर्य र जल दुबै आदि शक्ति हुन् । त्यसैले छठ पर्वले आरोग्य र विशेष गरी चर्मरोगबाट मुक्ति मिल्ने विश्वास पाइन्छ।

# आस्थाको महापर्व छठ र यसले दिएको उपदेश



डा. रामसागर पंडित



खासगरी यस पर्वलाई हिन्दुहरूले मनाउने गर्छन् । यस पर्वमा ब्रह्माण्डको नेतृत्व गर्ने सुर्यको पूजा हुन्छ। हिन्दु धर्मावलम्बीहरू बडो आस्थासाथ छठपर्व मनाउँछन् । यसमा अस्ताउँदो र उदाउँदो सुर्यको पूजा गरिन्छ। यस पर्वको अर्को विशेषता के छ भने यसले जिउँदो देवता सुर्यको पुजा गर्छ। हामी जहाँ बसेका छौं। त्यस धरतीको उत्पति पनि सुर्यबाट नै भएको मानिन्छ । मानिस र छठ पर्वको सम्बन्ध पृथ्वीमा मानिसको उत्पति कालदेखि नै रहेको भन्नसकिन्छ। यस पर्वलाई खासगरी भारतको उत्तरप्रदेश, बिहार, झारखण्ड, पश्चिमबंगाल लगायत नेपालको तराईमधेशमा प्राचीन समयदेखि नै मनाउँदै आएको कुरो विभिन्न धार्मिक प्रमाणबाट प्रष्टिन्छ । अहिले काठमाण्डू लगायत केही पहाडी जिल्लाहरूमा समेत यसको क्षेत्र वृद्धि भएको देखिन्छ। यो पर्व चार दिनसम्म मनाउने गरिन्छ। तेस्रो दिनको बेलुका साँझमा पोखरी, ताल, कुण्ड, नदी जस्ता पानीको स्रोत भएका ठाउँहरूमा मनाउने गरिन्छ। साँझमा अस्ताउँदो सुर्य र भोलिपल्ट विहान उदाउँदो सुर्यलाई पुज्ने गर्छन्। ब्रतालु बडो निष्ठासाथ पानीमा उभिएर सुर्यको प्रार्थनासाथ पुजा शुरू गर्छन्।

तेस्रो दिनलाई सौझकारक भन्छन् । पहिलो दिनमा नुवाइधुवाइ गरी अरबा चामलले बनेका अन्नको प्रकारलाई खानामा प्रयोग गरेको हुन्छ। दोस्रो दिन दिनभर केही नखाई साँझमा पवित्रतासंग स्नानगरी खीर खाने गर्छन् । तेस्रो दिन पुरैदिन उपवास रहेर साँझमा अस्ताउँदो सुर्यलाई अर्घ्य दिन्छन् र रातमा पनि उपवासै बस्ने गर्छन् । अन्तमा चौथो दिन अर्थात पारनको दिनमा उदाउँदो सुर्यलाई अर्घ्य दिई पर्वलाई समापन गर्ने काम हुन्छ । यस पर्वमा चावलको पीठोबाट बनेका ठोकुवा, भुसवाका साथै केला, पुरी, खाजा, मिठाइ, अरवाचामल, अदुवा, ऊखु, निंवु (ज्यामिरी), माटोको हाती, केराउ, सुथनी, फलफूल, कलश, सुपारी, नरिवल, मूला, जौ, चन्दन, अवीर, सिन्दुर, ल्वाङ्ग, इलाइची, धूप, दीप, सुप(नाग्लो) वाँसको कोनिया (डगरी) पानको पात, अदुवाको झार, माटोको ढकना, सरबा आदी महत्वपूर्ण सामग्रीसाथ पूजा गर्छन । यसमा प्रयोग हुने सामाग्री शुद्ध, चोखो र ताजा हुनुपर्छ । यस पर्वका लागि तयार गरिएका कुनै पनि बस्तु विधिविधान अनुसार नभएमा उसको परिवारमा विभिन्न किसिमका अनिष्ट हुने सम्भावना हुन्छ।

यस पर्वको क्षेत्र दिनप्रतिदिन फैलिँदै गएको देखिन्छ। अहिले के तराई, के मधेश, के पहाड, के हिमाल सबै ठाउँमा विस्तार भएको पाइन्छ । काठमाण्डुमा धेरै धूमधामसाथ मनाउँछन् । बागमती, विष्णुमति लगायत विभिन्न नदी, पोखरी, तालतलैया आदि ठाउँहरूमा मनाएको हेर्न पाइन्छ। यस पर्वमा पुरूषभन्दा बढी महिलाहरू ब्रतालुको रूपमा अगाडि आएको हेर्न सकिन्छ। पूजापाठको दिनभन्दा ३/४ दिन अगाबैदेखि पूजा गर्ने ठाउँलाई सरसफाइ गरी चिटिक्क पार्ने काम गर्छन् । षष्ठीको रातमा पुरै रात घाटमै बिताएर भोलीपल्ट उदाउँदा सूर्यलाई पूजागरी घर लग्ने गर्छन्। खास गरी यस पर्वमा पूजाका सामाग्रीहरू जुठो नहोस् भने घरका बच्चाहरूलाई सम्भाल्न धौं धौं परिरहेको हुन्छ।

यस पर्वको अवसरमा घर बाहिर रहेको परिवारका सदस्यहरू अनिवार्य रूपमा घर आउने गर्छन् । यस पर्वका दिन घर/घरका प्रायः सबै व्यक्तिहरू उपस्थित हुने हुनाले यसलाई निकै महत्वपूर्ण पर्वको रूपमा लिने गरिन्छ। यस अवसरमा पोखरी/नदीका डीलहरूमा मेला लागे जस्तो हुन्छ । खासगरी सहरी क्षेत्रहरूमा यसका रौनकता अझ बढी रहेको हेर्न पाइन्छ। यस पर्वमा नयाँ/नयाँ बस्त्र लगाइ सज्जिएर छठको घाटमा भेला भई उमंगपूर्ण वातावरणमा खुशी साटासाट गरेका हुन्छन् ।

तराई क्षेत्रमा मेचीदेखी महाकालीसम्म खासगरी यस पर्वमा बढी उमंग देखिन्छ । तराईका विभिन्न सहरहरूमा यसपर्वको रौनकता बेग्लै हुन्छ। सहरमा रहेका पोखरी, कुण्ड, तलाउलाई दुल्ही जस्तै सजाइएको देखिन्छ । यस समयमा लोकगीतका विभिन्न धुनहरू सुन पाइन्छ । आजकल यस पर्वमा समेत आधुनिक गीतहरू ठाउँ लिँदै गएको देखिन्छ । बिस्तारै ठाउँ/ठाउँमा रहेका स्थानीय लोकगीतहरू लोप हुन लागेका छन् । यसरी हाम्रो परम्परागत लोकगीतहरू लोप हुँदै गए भने हाम्रो संस्कृति बिस्तारै हराउँदै जाने छ जसबाट हाम्रो पहिचानमा समेत संकट उत्पन्न हुनेमा कुनै शंका छैन । खासगरी मधेश प्रदेशको जनकपुरधाममा अवस्थित गंगासागर, धनुषसागर, महाराजसागर, रत्नसागर लगायत विभिन्न पोखरी, तलाउ, कुण्डहरू निकै आकर्षक रूपले सजाएका हुन्छन् । यस्तै बीरगञ्जका घरियरवा पोखरीलाई आधुनिक तरिकाले बनाइएका घाट तथा पोखरीको बीचमा बनाइएको भगवानको मूर्ति हेर्न लायक छ । यस्तै बाराको कलैया,रौतहटको गौर, सर्लाहीको मलङ्वा, महोत्तरीको जलेश्वर, सिरहाको कमला, सप्तरीको राजविराज, सुनसरीको सुनसरीनदी र कोसी, मोरङ्को विराटनगरमा भएका पोखरी, तलाउ तथा नदीहरू निकै आकर्षक ढंगले सजाइएका हुन्छन् । यी सबै ठाउँलाई दुलही जस्तै सजाइ गीतसंगीत, नाच, तथा रामायणका सिरियल देखाइ छठ पूजालाई निकै आकर्षक बनाएको हुन्छ।

यसरी जनकपुरधामको छठ नेपालभरि मै प्रशंसनीय छ र यस अवसरमा जनकपुरधाममा बिभिन्न स्थानबाट श्रद्धालुहरू छठ पर्वको आनन्द लिन आएका हुन्छन् । यस्तै आजकाल चैत्र महिनाको शुक्ल षष्ठीका दिन पनि छठ मनाउन शुरू गरेका छन् । यसलाई चैती छठ भनिन्छ। यस छठमा पनि ब्रतालुहरूको संख्या दिन प्रतिदिन बढ्दै गएको देखिन्छ। हिन्दुहरूका निकै धेरै पर्व त्योहार रहेका छन् । हिन्दुहरू एउटा प्रकृति पुजारी हुन्छन् । छठ पर्व पनि त्यसै प्रकृति पूजाको एउटा अंश हो । यस्ता कुनै पर्वमा मासु, माछा, रक्सी तथा अन्य लागु पदार्थ खाने अनुमति दिंदैन, तर कतिले कतिपयं हाम्रो पर्वमा माछा, मासु तथा रक्सीको प्रयोग गरेका हुन्छन् । यस्ता प्रयोग शतप्रतिशत निषेधित भएपनि किन प्रयोग गर्छन त्यसलाई रोक्न सामाजिक संधसंस्थाहरूले चनाखो हुनु जरुरी छ।

प्राचीन ग्रन्थ ऋग्वेदमा उल्लेख भए अनुसार आकाशपुत्री उषा (सूर्यको किरण) संग ब्रतालुहरू मांग गर्छन कि हामीलाई अन्न, धन, छोराछोरी दिनुहोस्। यस्तो बरदान दिनुस् कि हामी सदैव विहान विछाउनवाट उठ्ने वितिकै बलियो सन्तानहरूलाई हेर्न सकौं । (ऋग्वेदः ४–११) सूर्यबाहेक कुनै यस्तो प्राकृतिक कुरा भेटेन, त्यसैले मानिसहरू त्यसैबेलादेखि सूर्यलाई पूज्न थाले। वास्तवमा सूर्यले नै घाम, प्रकास, गर्मी दिइ विभिन्न रोगब्याधिदेखि बचाउने काम गर्‍यो । स्वभावतः मानिसहरू आकर्षित भएर सूर्यको आराधना शुरु गरेका थिए। एकातिर छठ सूर्यको पूजाको रूपमा लिन्छन् भने अर्कोतिर यसलाई छठिमाई भनेर पूजन गर्ने गर्छन् । यस पर्वलाई षष्ठी तिथिमा गर्ने भएकोले छठीमाईको पूजासमेत भने गरिन्छ। अर्कोतिर कतिपय ठाउँमा 'छठ परमेश्वरी' को रूपमा पुज्ने गरिन्छ। जे जस्तो भएपनि एउटा कुरामा कुनै विवाद छैन कि छठ भनेको आदिशक्तिको पूजा हो ।


अब प्रसंग बढलौं । हाम्रो धार्मिक ग्रन्थहरूमा यस्ता विभिन्न पर्वत्योहारहरु उल्लेख छन् । यी सबै पर्वहरू हामीलाई जीवन खुशी बनाउन विभिन्न प्रकारका उपदेश दिएका हुन्छन् तर हामी यस्ता उपदेशलाई बिर्सिदैं गएका छौं । यस्ता उपदेशलाई बिर्सनु या जानिजानि छोड्नु भनेको हाम्रो जीवनलाई नराम्रो अवस्थातिर धकेल्नु हो भने बुझ्नुपर्छ । अहिले गाउँदेखि सहरसम्म यस्ता प्राकृतिक नदीनाला, पोखरीतलाउ, जस्ता पानीका स्रोतलाई हामी सखाप पार्दे गएका छौं । व्यक्तिमात्र कहाँ हो र ! हाम्रै पूर्वजले खनाएका पोखरी, इनार, कुवा आदि उनकै सन्तान भर्दै, के देखाउन खोजेका छन् भने सोचनीय कुरो रहेछ।

अर्कोतिर पूजा गर्छौ र त्यस्ता पूजामा प्रयोग हुने साधनबाट पोखरी, तलाउ, नदी फोहर हुँदा त्यसलाई सफाइ गर्दैनौं, जसले पछि विस्तारै त्यही फोहर बस्तुले पुरै पोखरी र नदीलाई फोहर फाल्ने ठाउँको रूपमा प्रयोग भएको देखिन्छ। यस्ता कार्यगर्न हामीलाई छठ पर्वले कुनै उपदेश दिएका छैनन्। हामी जानिजानि आफ्ना बस्ने ठाउँलाई फोहर गरी सही वातावरणलाई बिगार्ने काम गरिरहेका छौं। अर्कोतिर छठ पर्वले हामीलाई शुद्धतामा जोड दिन सिकाउँछ। सरसफाइमा जोर दिन उपदेश दिन्छ। ताजा तथा शुद्ध अन्नखान उपदेश दिन्छ। आजकल हाम्रा जनस्वास्थ्यसंग सम्बन्धित संघसंस्थाले पनि यस्तै शिक्षा बाँटिरहेका छन् । यसलाई नमान्दा नै हामी विभिन्न रोगबाट ग्रसित हुन्छौं र भन्छौं कि हामीलाई छठीमाईले हेरेनन् । यदि हामी छठीमाईको उपदेशलाई मान्दैनौं भने यस्ता अनेक बिघ्नबाधा आइरहन्छन् ।

अब अन्तमा निष्कर्षतिर लागौं । निष्कर्षमा हामी के विचार गरौं भने जे जति पर्व, त्योहार, उत्सव, पूजापाठ, होमयज्ञ गर्छौं यी सबै हाम्रा जीवनलाई सुखमय बनाउनलाई नै हुन् तर यसका उपदेशलाई यदि हामी अवहेलना गर्छौं भने उल्टो असर पर्ने पक्का नै हो। प्रकृतिले हामीलाई हाम्रो जीवन दिएको छ। खानलाई अन्न दिएको छ। लुगा दिएको छ। घर बनाउन सामाग्री दिएको छ। हाम्रो रोग उन्मूलन गर्न विभिन्न किसिमका जडीबुटी दिएको छ। एकअर्कासिंग सहयोग लिएर बस्न सिकाएको छ। यस्ता प्रकृतिको नियमलाई हामी मानेनौं भने स्वभाविक छ कि हामी विभिन्न प्राकृतिक समस्यामा पर्दैजाने छौं। यसबाट बच्न प्रकृतिलाई संतुलन बनाउन सिक्नु पर्छ। यो पृथ्वी सबै जीवजन्तु, वोटविरूवाका साझा घर हो। हामी सबैलाई नाश गरेर बस्न चाहन्छौं भने हाम्रो जीवन पनि अस्तित्वमा रहन सक्दैन ।

हाम्रा पूर्वजहरू प्रकृतिप्रेमी थिए । हामी पनि प्रकृतिप्रेमी बनौं । प्रकृतिसंग खेलवाड गरी कहिले पनि वातावरणलाई असन्तुलन नबनाऔं । प्रकृतिलाई दिगोविकाससंग जोडेर अगाडि बढौं । हाम्रा पर्वतिहारको पनि यही उपदेश हो । पर्वतिहारलाई जोगाउनु भनेको हाम्रो संस्कृतिलाई जोगाउनु हो । इतिश्री ।

# राष्ट्रपति पौडेल आगामी आइतबार अजरबैजान जानहुँदै



काठमाण्डु । राष्ट्रपति रामचन्द्र पौडेल अजरबैजानको बाकु सहरमा हुने जलवायु परिवर्तनसम्बन्धी संयुक्त राष्ट्र सङ्घीय संरचना महासन्धि पक्ष राष्ट्रहरुको २९औँ सम्मेलन (कोप-२९) मा भाग लिन यही कात्तिक २५ गते त्यसतर्फ जान लाग्नुभएको छ।

अजरबैजानका राष्ट्रपति इल्हम अलियभको निमन्त्रणामा उक्त सम्मेलनमा सहभागी हुन राष्ट्रपति पौडेल उच्चस्तरीय नेपाली प्रतिनिधिमण्लको नेतृत्व गर्दै बाकु जान लाग्नुभएको हो ।राष्ट्रपति पौडेलले कात्तिक २७ र २८ गते हुने उच्चस्तरीय सत्रको 'विश्व नेताहरू जलवायु कार्य शिखर सम्मेलन'लाई कात्तिक २७ गते सम्बोधन गर्नुहुने कार्यक्रम रहेको परराष्ट्र मन्त्रालयले जनाएको छ । सम्मेलनका क्रममा नेपालले आफ्ना एजेण्डामाथि विश्वको ध्यानाकर्षण गराउन कात्तिक २८ गते राष्ट्रपति पौडेलको नेतृत्वमा बेग्लै उच्चस्तरीय सत्र सञ्चालन हुनेछ।

सम्मेलनमा 'पर्वतीय क्षेत्रमा जलवायुजन्य हानी तथा नोक्सानीको सम्बोधन' विषयक उच्चस्तरीय बैठकसमेत हुनेछ । विश्वमै नेपाल जलवायुको असरबाट सबैभन्दा बढी प्रभावित मुलुकहरुमध्ये पर्छ ।बैठकमा नेपालले मेलम्ची, मुस्ताङ, कञ्चनपुर, थामे, काठमाडौँ उपत्यकालगायत क्षेत्रमा असामान्य मौसमीजन्य घटनाका कारण आएको बाढीपहिरोबाट भएको क्षतिबारे जानकारी गराउनेछ।

नेपालले जलवायु परिवर्तनसम्बन्धी विभिन्न महासन्धिको पक्ष राष्ट्रका हैसियतले सन् २०५० सम्म कार्यान्वयन गर्ने राष्ट्रिय अनुकूलन कार्यक्रम तयार गरी कार्यान्वयन गरिरहेको छ ।नेपालका तर्फबाट सम्मेलन प्रस्तुत गर्ने 'एजेण्डा' बारे विभिन्न तहमा तयारी भइरहेको बताइएको छ । सम्मेलन यही कात्तिक २६ सुरु भइ मङ्सिर ७ गतेसम्म सञ्चालन हुनेछ । सम्मेलनमा सहभागी भइ राष्ट्रपति पौडेल यही कात्तिक ३० गते शुक्रबार स्वदेश फर्कने कार्यतालिका छ।

**ट्रम्पलाई बधाई**

राष्ट्रपति रामचन्द्र पौडेलले संयुक्त राज्य अमेरिकाको राष्ट्रपतिमा डोनाल्ड ट्रम्प निर्वाचित हुनुभएकामा बधाई दिनुभएको छ।

राष्ट्रपति पौडेलले बुधबार सामाजिक सञ्जाल ट्विटमार्फत ऐतिहासिक जित हासिल गर्नुभएकामा नेता ट्रम्पलाई बधाई दिँदै संयुक्त राज्य अमेरिकाको राष्ट्रपतिका रुपमा उहाँको दोस्रो कार्यकालको पूर्ण सफलताको कामना गर्नुभएको छ।

उहाँले राष्ट्रपति ट्रम्पको कार्यकालमा नेपाल र संयुक्त राज्य अमेरिकाको सम्बन्ध अझ सुदृढ हुने विश्वास व्यक्त गर्नुभएको छ ।रासस

# 'आगामी निर्वाचनमा कांग्रेसले गठबन्धन नगर्ने'

वालिङ । नेपाली कांग्रेसका केन्द्रीय सदस्य एवं पूर्वउपसभापति गोपालमान श्रेष्ठले आगामी निर्वाचनमा नेपाली कांग्रेसले कुनै दलसँग गठबन्धन नगर्ने बताउनुभएको छ।

नेपाली कांग्रेस स्याङ्जा क्षेत्र नं २ ले बुधबार यहाँको वालिङमा आयोजना गरेको नेता कार्यकर्ता भेटघाट कार्यक्रमलाई सम्बोधन गर्दै नेता श्रेष्ठले अब हुने सबै निर्वाचनमा नेपाली कांग्रेस गठबन्धन बिना प्रतिस्पर्धामा उत्रने बताउनुभएको हो । त्यसका लागि तयारीमा लाग्न नेता कार्यकर्तालाई निर्देशन दिनुभयो।

"कांग्रेसले निर्वाचनका बेला कुनै पनि पार्टीसँग गठबन्धन गर्दैन", उहाँले भन्नुभयो, "निर्वाचन सम्पन्न भइसकेपछि भने सरकार निर्माण प्रक्रियामा अन्य पार्टीसँग गठबन्धन हुनसक्छ।

" पार्टीभित्र देखिएको गुटबन्दीलाई जरैदेखि अन्त्य गर्दै अब नेता कार्यकर्ता एकजुट भई सङ्गठन बलियो बनाउनतर्फ लाग्नुपर्ने बेला आएको उहाँले बताउनुभयो ।रासस

## स्थानीय तह उपनिर्वाचनः

# कति पदका लागि कहाँ-कहाँ हुँदैछ निर्वाचन ?




काठमाण्डु । आगामी मङ्सिर १६ गते विभिन्न कारणले स्थानीय तहमा रिक्त पदका लागि उपनिर्वाचन हुँदैछ । जिल्ला समन्वय समितिका प्रमुख दुई, गाउँपालिका अध्यक्ष दुई, उपाध्यक्ष चार, नगरपालिका प्रमुख एक, उपप्रमुख एक र वडाध्यक्ष ३४ गरी जम्मा ४४ रिक्त पदका लागि उक्त दिन निर्वाचन हुनेछ।

निर्वाचन आयोगका अनुसार ओखलढुङ्गा र कैलालीका जिल्ला समन्वय समिति प्रमुख, काठमाडौँको कीर्तिपुर नगरपालिकाका प्रमुख, जाजरकोटको नलगाड नगरपालिकाका उपप्रमुख, मोरङको ग्रामथान गाउँपालिका र दैलेखको महाबु गाउँपालिका अध्यक्ष, दोलखाको गौरीशङ्कर गाउँपालिका, हुम्लाको सर्केगाड गाउँपालिका र बाजुराको स्वामीकार्तिक खापर गाउँपालिकाका उपाध्यक्ष पदका लागि निर्वाचन हुनेछ।

ताप्लेजुङको सिरिजङ्गा गाउँपालिका वडा नं ३, झापाको कन्काइ नगरपालिका वडा नं ६, तेह्रथुमको लालीगुराँस नगरपालिका वडा नं ८, सुनसरीको गढी गाउँपलिका वडा नं ६, ओखलढुङ्गाको मोलुङ गाउँपालिका वडा नं ५, उदयपुरको त्रियुगा नगरपालिका वडा नं १२ र बेलका नगरपालिका वडा नं ९, सप्तरीको डाक्नेश्वरी नगरपालिका वडा नं १ र ४, धनुषाको धनुषाधाम नगरपालिका वडा नं १, महोत्तरीको रामगोपालपुर नगरपालिका वडा नं २, रौतहटको ईशनाथ नगरपालिका वडा नं ७, राजपुर नगरपालिका वडा नं ६ र गढीमाई नगरपालिका वडा नं ८ को वडाध्यक्ष पदका लागि निर्वाचन हुनेछ।

काठमाडौँको कीर्तिपुर नगरपालिका वडा नं १ र ४, काठमाडौँ महानगरपालिका वडा नं १६, नुवाकोटको ककनी गाउँपालिका वडा नं २, मकवानपुरको हेटौँडा नगरपालिका वडा नं १२, गोरखाको गोरखा नगरपालिका वडा नं ५, गुल्मीको मुसिकोट नगरपालिका वडा नं १, रोल्पाको रुन्टीगढी गाउँपालिका वडा नं ४, बर्दियाको ठाकुरबाबा नगरपालिका वडा नं ४, रुकुम (पूर्वी) पुथा उत्तरगङ्गा गाउँपालिका वडा नं २ र कपिलवस्तु शुद्धोधन गाउँपालिका वडा नं १ का वडाध्यक्ष पदमा निर्वाचन हुने आयोगका सूचना अधिकृत सुमन घिमिरेले राससलाई जानकारी दिनुभयो।

दैलेखको दुल्लु नगरपालिका वडा नं १३, कालिकोटको तिलागुफा नगरपालिका वडा नं ४, जाजरकोट कुशे गाउँपालिका वडा नं ७, डोल्पाको त्रिपुरासुन्दरी नगरपालिका वडा नं ५, रुकुम (पश्चिम) सानीभेरी गाउँपालिका वडा नं ५, बझाङको सुर्मा गाउँपालिका वडा नं ४, डोटीको पूर्वीचौकी गाउँपालिका वडा नं ६, दार्चुलाको दुहुँ गाउँपालिका वडा नं ५ र कञ्चनपुरको भीमदत्त नगरपालिका वडा नं ६ का वडाध्यक्ष पदका लागि निर्वाचन हुनेछ।

स्थानीय तह निर्वाचन ऐन, २०७३ मा जिल्ला समन्वय समितिका प्रमुख, उपप्रमुख, गाउँपालिका अध्यक्ष, उपाध्यक्ष, नगरपालिका प्रमुख, उपपप्रमुख र वडाध्यक्षको पदावधि समाप्त नहुँदै निजको पद कुनै कारणले रिक्त भएमा र एक वर्षभन्दा बढी पदावधि बाँकी रहेको अवस्थामा बाँकी अवधिका लागि उपनिर्वाचनद्वारा पदपूर्ति हुने व्यवस्था छ।

**मङ्सिर २ गते उम्मेदवारी दर्ता**

उपनिर्वाचनका लागि मङ्सिर २ गते उम्मेदवारी दर्ता गर्नुपर्नेछ । मङ्सिर २ गते बिहान १० देखि अपराह्न ५ बजेसम्म निर्वाचन अधिकृतको कार्यालयमा उम्मेदवारको मनोयन दर्ता हुने छभने सोही दिन साँझ ५ देखि ६ बजेसम्म उम्मेदवारको सूची प्रकाशन हुनेछ।

आयोगका अनुसार २०७९ मा सम्पन्न स्थानीय तहको निर्वाचनमा पुरुष उम्मेदवार निर्वाचित भई कार्यभार सम्हालिरहेको स्थानीय तहमा रिक्त रहेको पदमा महिला उम्मेदवार रहने गरी मनोनयनपत्र पेस गर्न राजनीतिक दललाई निर्देशन दिइएको छ।

मङ्सिर ३ गते बिहान १० देखि अपराह्न ३ बजेसम्म उम्मेदवारको विरोधमा उजुरी दिने, सोही दिन अपराह्न ३ बजेपछि मनोनयपत्र र उजुरीमाथि जाँचबुझ एवं निर्णय गरी मङ्सिर ४ गते साँझ ५ देखि ६ बजेसम्म उम्मेदवारको नामावली प्रकाशन हुनेछ।

मङ्सिर ५ गते बिहान ९ देखि अपराह्न १ बजेसम्म उम्मेदवारले नाम फिर्ता लिन सक्ने छभने सोही दिन दिउँसो १ देखि ३ बजेसम्म अन्तिम नामावली प्रकाशन गरी दिउँसो ३ देखि ५ बजेसम्म उम्मेदवारलाई निर्वाचन चिह्न प्रदान गरिने छ। मङ्सिर १६ गते बिहान ७ देखि अपराह्न ५ बजेसम्म मतदान हुनेछ।

**कुन उम्मेदवारले कति खर्च गर्न पाउछन् ?**

निर्वाचन आयोगले उम्मेदवारको मनोयनपत्र दर्ता भएको मितिदेखि निर्वाचन परिणाम घोषणा भएको अवधिसम्म उम्मेदवारले गर्न पाउने खर्चको हद तोकेको छ । नगरपालिकाका प्रमुख तथा उपप्रमुख पदका उम्मेदवारले रु चार लाख ५० हजार, गाउँपालिका अध्यक्ष तथा उपाध्यक्ष पदका उम्मेदवारले रु तीन लाख ५० हजार, जिल्ला समन्वय समितिका प्रमुख तथा उपप्रमुखका उम्मेदवारले रु ५० हजारसम्म खर्च गर्न सक्नेछ । महानगरपालिकाका वडाध्यक्ष पदका उम्मेदवारले रु तीन लाख, नगरपालिका वडाध्यक्ष पदका उम्मेदवारले रु दुई लाख र गाउँपालिकाका वडाध्यक्षले रु एक लाख ५० हजार खर्च गर्न सक्नेछ।

आयोगले यही कात्तिक १ गते आसन्न स्थानीय तह उपनिर्वाचनका लागि निर्वाचन अधिकृतको कार्यालय तोकेको छ।

उपनिर्वाचन हुने जिल्लामा रिक्त नगरपालिकाका प्रमुख तथा उपप्रमुख र गाउँपालिकाको अध्यक्ष तथा उपाध्यक्षको निर्वाचनका सम्बन्धित स्थानीय तहको केन्द्रमा मुख्य निर्वाचन अधिकृत वा निर्वाचन अधिकृतको कार्यालय रहनेछ।

वडाध्यक्षको मात्र निर्वाचनका लागि सम्बन्धित वडाको केन्द्र रहेको स्थानमा मुख्य निर्वाचन अधिकृत वा निर्वाचन अधिकृतको कार्यालय रहने आयोगले जनाएको छ।

**उपनिर्वाचनका लागि २५ राजनीतिक दल दर्ता**

उपनिर्वाचनका लागि आयोगमा २५ राजनीतिक दल दर्ता भएका छन् । आयोगमा दर्ता भएका २६ राजनीतिक दलमध्ये रीत पूरा भएका २५ दल दर्ता गरिएका आयोगले जनाएको छ।

उपनिर्वाचनमा नेपाली कांग्रेस, नेपाल कम्युनिष्ट पार्टी (एमाले), नेपाल कम्युनिष्ट पार्टी (माओवादी केन्द्र), राष्ट्रिय स्वतन्त्र पार्टी, नेपाल कम्युनिष्ट पार्टी (एकीकृत समाजवादी), जनता समाजवादी पार्टी नेपाल, जनता समाजवादी पार्टी, नेपाल समाजवादी पार्टी, राष्ट्रिय प्रजातन्त्र पार्टी, आम जनता पार्टी र नेपाल मजदुर किसान पार्टीले सहभागिता जनाउने छन्।

यसैगरी मङ्गोल नेशनल अर्गनाइजेसन, सङ्घीय लोकतान्त्रिक राष्ट्रिय मञ्च, बहुजन एकता पार्टी, समावेशी समाजवादी पार्टी नेपाल, हाम्रो नेपाली पार्टी, नेपाल कम्युनिष्ट पार्टी (माले), राष्ट्रिय प्रजातन्त्र पार्टी नेपाल, नागरिक उन्मुक्ति पार्टी, नेशनल रिपब्लिक नेपाल, राष्ट्रिय जनता पार्टी नेपाल, नेपाली कांग्रेस (बिपी), राष्ट्रिय मातृभूमि पार्टी, जनमत पार्टी र नेपाली जनता दल दर्ता भएका छन् ।रासस

# यसरी गरिदैंछ त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलको स्तरोन्नति



काठमाण्डु । त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थल (टीआइए)को क्षमता अभिवृद्धि गरिँदैछ । नेपाल नागरिक उड्डयन प्राधिकरण (क्यान)ले यही कात्तिक २३ गतेदेखि दैनिक १० घण्टा उडान बन्द गरेर करिब पाँच महिनासम्म विमानस्थल विस्तार गर्न लागेको हो।

प्राधिकरणअन्तर्गतको हवाई यातायात क्षमता अभिवृद्धि आयोजनाले विमानस्थलको दक्षिण-पश्चिमतर्फ समानान्तर 'ट्याक्सी वे', उत्तरतर्फको 'इन्टरनेशनल एप्रोन' र विमानस्थलको पूर्वतर्फको 'ह्याङ्गर एप्रोन' लगायत विस्तार गर्नेछ । यी काम पूरा गर्न करिब रु १५ अर्ब खर्च हुने आयोजनाले जनाएको छ।

प्राधिकरणका महानिर्देशक प्रदीप अधिकारीका अनुसार टीआइएको धावनमार्गसँगै समानन्तर हुने गरी ट्याक्सी वे बनाउन लागिएको छ । "विमानस्थलको स्तरोन्नतिपछि २० देखि २५ प्रतिशत धावनमार्गको क्षमता बढ्नेछ भने एयर ट्राफिक व्यवस्थापनमा थप सहज हुन्छ", महानिर्देशक अधिकारीले भन्नुभयो।

स्तरोन्नतिका क्रममा राति १० बजेदेखि बिहान ८ बजेसम्मका सबै उडान कटौती गर्नुपर्ने बाध्यता रहेको प्राधिकरणले स्पष्ट पारेको छ । हाल विमानस्थल बिहान ६ बजे खुलेर राति २ बजेसम्म सञ्चालन हुँदै आएको छ। आयोजना प्रमुख दीपेन्द्र श्रेष्ठले उडान सुरक्षामा कुनै खतरा उत्पन्न नहोस् भनेर उडान बन्द गरिएको उल्लेख गर्नुभयो।

नेपाल र सम्बन्धित मुलुकबीचका द्विपक्षीय तथा बहुपक्षीय हवाई सेवा सम्झौताको आधारभूत मान्यता बमोजिम विमानस्थलको क्षमताअनुसार निष्पक्ष र समन्यायिक उडान सङ्ख्या व्यवस्थापन गरिएको जनाउँदै प्राधिकरणले गौतमबुद्ध र पोखरा अन्तर्राष्ट्रिय विमानस्थलबाट आन्तरिक तथा अन्तर ाष्ट्रिय उडान गर्न स्वदेशी तथा विदेशी वायुसेवा कम्पनीलाई विशेष अनुरोध गरेको छ । प्रचलित कानुनले तोकेको सीमाको परिपालना गरी हवाई भाडाको कार्यान्वयन गर्ने सिद्धान्तविपरीत उड्डयन क्रियाकलाप नगर्न/नगराउन सम्बद्ध पक्षलाई प्राधिकरणले आग्रह पनि गरेको छ।

नेपालमा हाल तीन अन्तर्राष्ट्रिय विमानस्थल सञ्चालनमा छन् । त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थल स्थापनाको ७४ वर्षपछि भैरहवास्थित गौतमबुद्ध अन्तर्राष्ट्रिय विमानस्थल र पोखरा अन्तर ाष्ट्रिय विमानस्थल सञ्चालनमा आएका हुन् । टीआइए भएर आन्तरिकतर्फ ११ हेलिकप्टर कम्पनीसहित १९ हवाई कम्पनी र आन्तर्राष्ट्रियतर्फ तीन नेपालीसहित ३० हवाई सेवा कम्पनीले उडान गर्दै आएका छन् । काठमाडौँ विमानस्थलमा आन्तरिकमा दुईतर्फी तीन सयभन्दा बढी र अन्तर्राष्ट्रियतर्फ एकसय हाराहारी उडान हुने गरेका छन्।

**पटक-पटक विमानस्थल विस्तार र मर्मत**

देशकै जेठो अन्तर्राष्ट्रिय विमानस्थल टीआइएको पटक-पटक मर्मत र क्षमता अभिवृद्धि गरिदै आएको छ । विसं २०७७ मा सो विमास्थलको धावनमार्ग विस्तार गरी तीन हजार तीन सय मिटर कायम गरिएको थियो । त्यतिबेला पनि बेलुका ६ बजेदेखि विहान ६ बजेसम्म दैनिक १२ घण्टा उडान बन्द गरिएको थियो । तत्कालीन समयमा विमानस्थलको धावनमार्गको दक्षिणतर्फ (कोटेश्वर क्षेत्र रनवे जिरो-टु) विस्तार भएको थियो ।विसं २०७५ मा दैनिक १० घण्टा विमानस्थल बन्द गरेर झण्डै चार महिना अन्तर्राष्ट्रिय विमानस्थलको धावनमार्ग पूर्णरुपमा मर्मत (कालोपत्रे) गरिएको थियो। विमानस्थल मर्मतको अवधिमा आन्तरिक र अन्तर्राष्ट्रियतर्फ करिब ३० प्रतिशत उडान कटौती भएको थियो ।रासस

# 'टिकटक' आधिकारिक रुपमा सूचिकृत




काठमाण्डु । सञ्चार तथा सूचना प्रविधि मन्त्रालयमा मङ्गलबारदेखि आधिकारिक रुपमा सामाजिक सञ्चाल ' टिकटक' सूचिकरण भएको छ।

सामाजिक सञ्जालको प्रयोगलाई व्यवस्थित गर्ने निर्देशिका-२०८० को दफा ३ को उपदफा १ मा सामाजिक सञ्जाल प्लेटफर्म सञ्चालन गर्न चाहने, व्यक्ति, कम्पनी वा संस्थाले सो निर्देशिका बमोजिम मन्त्रालयमा सूचीकरण गर्नुपर्ने व्यवस्था रहेको छ।

सोही निर्देशिकाको दफा ३ को उपदफा ४ मा अनुसूची १ बमोजिमको ढाँचामा सम्बन्धित व्यक्ति, कम्पनी वा संस्थाले अनुसूची १ मा उल्लिखित कागजात संलग्न गरी निवेदन दिनुपर्ने व्यवस्था छ।

मन्त्रिपरिषद्को यही कात्तिक ८ गतेको बैठकले टिकटक सूचीकरणको निर्णय गरेको थियो । दसैँ, तिहार पर्वका कारण केही ढिला भएको उल्लेख गर्दै मन्त्रालयका सूचना अधिकारी एवं उपसचिव ममता बाँस्तोलाले मुङ्गलबार टिकटक प्लेटफर्म विधिवत्रुपमा मन्त्रालयमा सूचीकरण गरिएको जानकारी दिनुभयो । सामाजिक सञ्जाल व्यवस्थापन निर्देशिकाअन्तर्गत नेपालभित्र सञ्चालित अन्य सामाजिकसञ्चाललाईसमेतयथाशीघ्र सुचीकरण गराउन मन्त्रालयले विज्ञप्ति जारी गरेको छ । साथै हालसम्म 'टिकटक'सँगै, 'भाइबर' र 'वी टक' लगायतका सामाजिक सञ्जाल प्लेटफर्म मन्त्रालयमा सूचीकरण भइसकेको छ।

"अरु सामाजिक सञ्जाल सूचीकरणको प्रक्रियामा छन्," उपसचिव बाँस्तोलाले भन्नुभयो, "सकेसम्म सबैलाई समयमै व्यवस्थित गर्ने मन्त्रालयको प्रयास रहन्छ।"रासस

# मन्ट्रियल पर्यटन मेलामा नेपाल सहभागी




काठमाण्डु । आर्थिक कूटनीतिका माध्यमबाट मुलुकलाई समृद्धिको मार्गमा अग्रसर गराउने सरकारको नीतिअनुसार देशको पर्यटन प्रवर्द्धनमा टेवा पुऱ्याउने उद्देश्यले क्यानडाको मन्ट्रियलमा आयोजित अन्तरराष्ट्रिय पर्यटन मेलामा नेपाल सहभागी भएको छ।

यही कात्तिक १६देखि १८ गतेसम्म पालिस डेस कङ्ग्रेसमा आयोजित ३४ औँ अन्तरराष्ट्रिय पर्यटन मेलामा नेपालको पर्यटन प्रगवर्द्धनसम्बन्धी सामग्री प्रदर्शन गरिएको थियो । ओटावास्थित नेपालको राजदूतावासले पालिस डेस सम्मेलन केन्द्रमा एकल प्रदर्शनीकक्ष खडा गरेर नेपालका प्रमुख पर्यटकीय गन्तव्यबारे जानकारी दिने प्रवर्द्धनात्मक वृत्तचित्र र अन्य प्रचारात्मक सामग्री प्रदर्शन गरिनुका साथै ती सामग्री आगन्तुकहरूलाई प्रदान गरिएको थियो।

उक्त दूतावासका अनुसार नेपाल प्रदर्शनीकक्षमा हस्तकला, काष्ठकला, थान्का, पशिमना सल,चिया, कफीलगायत नेपालका प्रमुख निर्यातजन्य सामग्री प्रदर्शन गरिएका थिए। ठूलो संख्यामा नेपालकक्षमा आएका आगन्तुकहरूले रुचिपूर्वक प्रदर्शनीको अवलोकन गर्नाका साथै नेपालका उत्पादन तथा पर्यटकीय गन्तव्यबारे जानकारी लिएका थिए ।रासस

# आयोजनाको तयारी फास्ट ट्र्याकमा गरिने



काठमाण्डु । विश्व बैंकको सहयोगमा नेपालमा सञ्चालन गरिने करिब रु ७२ अर्ब बराबरका पाँचवटा आयोजनाको तयारी ' फास्ट ट्र्याक'मा गरिने भएको छ।

अर्थ मन्त्रालयमा बसेको बैठकले पूर्व-पश्चिम राजमार्गको बागमती-पथलैया खण्ड विस्तार, तेस्रो पुल तथा सुधार तथा सम्भार, विद्युत् वितरण प्रणाली आधुनिकीकरण तथा सुधारको आयोजनाको पूर्व तयारी छिटो सम्पन्न गर्ने निर्णय गरेको हो।

यसैगरी तेस्रो चरणको रानीजमरा कुलरिया सिँचाइ र पहुँच तथा उत्थानशिलताका लागि डिजिटल सेवा रुपान्तरणसम्बन्धी आयोजनाको तयारी पनि फास्ट ट्र्याकमा गर्ने निर्णय भएको छ । विश्व बैंकको सहुलियतपूर्ण ऋण लगानीमा सञ्चालित हुने आयोजनाको सम्बन्धित मन्त्रालयले सरोकारवालासँग छलफल गरी पूर्व तयारी गर्नेछन्, भने आवशयकता अनुसार अर्थ मन्त्रालयले सहजीकरण गर्नेछ । बैठकले सन् २०२५ को फेब्रुअर ीसम्ममा आयोजनासँग सम्बन्धित सबै विषयको टुङ्गो लगाइ पूर्व तयारीका काम सक्ने निर्णय भएको छ। तयारी पूरा भएपछि सन् २०२५ को मार्चमा बस्ने विश्व बैंकको बोर्ड बैठकमा ती आयोजनाका प्रस्ताव पेस गरिने योजना छ । उपप्रधानमन्त्री तथा अर्थमन्त्री विष्णुप्रसाद पौडेलले आयोजनाको पूर्व तयारीमा विशेष ध्यान दिन र आयोजनाहरु स्वीकृत भएपछि कार्यान्वयनमा तदारुकताका साथ लाग्न निर्देशन दिनुभयो । उहाँले नेपालले आफ्नो आवश्यकता अनुसार सहयोग लिने र अधिकतम प्रतिफल दिने ठाउँमा लगानी गर्ने बताउनुभयो।

बैठकमा अर्थ मन्त्रालय, भौतिक तथा यातायात मन्त्रालय, ऊर्जा, जलस्रोत तथा सिँचाइ मन्त्रालयका सचिव, सञ्चार तथा सूचना प्रविधि मन्त्रालयका प्रतिनिधि र सम्बद्ध पदाधिकारीको उपस्थिति थियो ।रासस

# विश्वका नेताहरूद्वारा रिपब्लिकन नेता ट्रम्पलाई बधाई तथा सहकार्यका लागि प्रतिवद्धता

एएफपी

हङकङ । अमेरिकी रिपब्लिकन नेता डोनाल्ड ट्रम्पले अमेरिकी राष्ट्रपतीय निर्वाचनमा उपराष्ट्रपति कमला ह्यारिसमाथि विजय प्राप्त गरेको बताउँदै विश्वका नेताहरूले उहाँको प्रशंसा गरेका छन् ।राष्ट्रपतीय निर्वाचनको मत परिणामबारे औपचारिक रूपमा घोषणा भइनसकेको भएपनि उहाँलाई बधाइ दिने क्रम सुरू भएको हो ।युरोपेली सङ्घकी प्रमुख उर्सुला भोन डेर लेयेनले ट्रम्पलाई बधाई दिँदै वासिङ्टन र ब्रसेल्सले 'बलियो ट्रान्सएटलान्टिक एजेन्डा'मा मिलेर काम गर्ने आशा व्यक्त गर्नुभएको छ।




उहाँले भन्नुभयो, "म डोनाल्ड जे ट्रम्पलाई हार्दिक बधाई दिन्छु। इयू र अमेरिका असल मित्रभन्दा माथि एकअर्काका भरपर्दा सहयोगी पनि हुन् । हामी हाम्रा जनताबीचको साँचो साझेदारीमा बाँधिएका छौं, जसले ८० करोड नागरिकलाई एकतामा बाँधेको छ ।""हामी एक बलियो ट्रान्सएटलान्टिक एजेन्डामा सँगै काम गर्नेछौं," भोन डेर लेयेनले एक्समा लेख्नुभएको छ। त्यसैगरी, उत्तर एटलान्टिक सन्धि सङ्गठन (नाटो) का प्रमुख मार्क रुटले ट्रम्पलाई बधाई दिँदै उहाँको सत्तामा पुनरागमनले गठबन्धनलाई 'बलियो' राख्न मद्दत पुग्ने बताउनुभएको छ।

फ्रान्सका राष्ट्रपति इम्यानुयल म्याक्रौँले राष्ट्रपति डोनाल्ड ट्रम्पलाई बधाई दिँदै भन्नुभयो, "हामीले आगामी चार वर्षसम्म सम्मान र महत्वाकाङ्क्षाका साथ उहाँसँग काम गर्न तयार छौं।" अमेरिकी राष्ट्रपतीय निर्वाचन परिणाममा अग्रता कायम गरिरहेको अवस्थामा नै सामाजिक सञ्जाल 'एक्स' मा म्याक्रौँले लेख्नुभएको छ, "तपाईंको र मेरो सम्बन्धले थप शान्ति र समृद्धिका लागि विश्वासको लेखाजोखा गर्नेछ।"

भारतीय प्रधानमन्त्री नरेन्द्र मोदीले ट्रम्पको 'चुनावी विजय'को प्रशंसा गर्नुभएको छ । उहाँले सामाजिक सञ्जाल एक्समा लेख्नुभएको छ, "मेरो मित्र डोनाल्ड ट्रम्प तपाईंको ऐतिहासिक चुनावी विजयका लागि हार्दिक बधाई छ।"

परिणाम ट्रम्पको पक्षमा देखिएसँगै चीनले अमेरिकासँग 'शान्तिपूर्ण सहअस्तित्व'को आशा गरेको बताएको छ । चिनियाँ विदेश मन्त्रालयका प्रवक्ता माओ निङले नियमित ब्रिफिङमा भन्नुभयो, "हामी पारस्परिक सम्मान, शान्तिपूर्ण सहअस्तित्व र दुवै पक्षको हितका लागि सहकार्यको सिद्धान्तमा आधारित चीन-अमेरिका सम्बन्धलाई निरन्तरता दिनेछौं ।" उहाँले भन्नुभयो, "हामी अमेरिकी जनताको रोजाइको सम्मान गर्छौं।"त्यसैगरी, युक्रेनका राष्ट्रपति भोलोदिमिर जेलेन्स्कीले अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पलाई 'प्रभावशाली विजय' का लागि बधाई दिँदै आफ्नो कार्यकालले युक्रेनमा न्यायोचित शान्ति ल्याउने विश्वास व्यक्त गर्नुभएको छ।

"म राष्ट्रपति ट्रम्पको विश्वव्यापी मामिलामा 'शक्तिको माध्यमबाट शान्ति' दृष्टिकोणको प्रतिबद्धताको सराहना गर्दछु। यही सिद्धान्तले युक्रेनमा न्यायोचित शान्ति ल्याउन सक्छ," जेलेन्स्कीले सामाजिक सञ्जालमा जारी गरेको विज्ञप्तिमा भनिएको छाइजरायली प्रधानमन्त्री बेन्जामिन नेतन्याहूले यसलाई पूर्व अमेरिकी नेताका लागि ऐतिहासिक पुनरागमन र अमेरिका-इजरायल गठबन्धनको नयाँ सुरुवात भएको बताउनुभएको छ।

नेतन्याहूले आफ्नो कार्यालयद्वारा जारी एक विज्ञप्तिमा भन्नुभएको छ, "इतिहासको सबैभन्दा ठूलो पुनरागमनको लागि बधाई! ह्वाइट हाउसमा तपाईंको ऐतिहासिक पुनरागमनले अमेरिकाका लागि नयाँ सुरुवात प्रदान गर्दछ र इजरायल र अमेरिकाबीचको महान् गठबन्धनप्रति एक शक्तिशाली पुनः प्रतिबद्धता प्रदान गर्दछ। यो ठूलो विजय हो।" उहाँले भन्नुभयो, "उहाँको नेतृत्व हाम्रो गठबन्धनलाई बलियो बनाउन फेरि महत्वपूर्ण हुनेछ । म नाटोमार्फत शक्तिको माध्यमबाट शान्तिलाई अगाडि बढाउन उहाँसँग फेरि काम गर्न उत्सुक छु," रुटद्वारा जारी विज्ञप्तिमा उल्लेख छ।

अमेरिकी राष्ट्रपतीय निर्वाचनको परिणाम घोषणा हुने क्रमसँगै डलरको भाउ बढेको छ । बिटक्वाइनले उच्च रेकर्ड हासिल गरेको छ र युरोपेली शेयर बजारमा उछाल आएको छ ।ट्रम्पले संयुक्त राज्य अमेरिकालाई 'बिटक्वाइन र क्रिप्टोकरेन्सीको राजधानी' बनाउने र टेक अर्बपति एलन मस्कलाई सरकारी फोहोरको व्यापक अडिटको जिम्मा दिने वाचा गर्नुभएको छ।

अर्थशास्त्री तथा एशो क्यापिटलका संस्थापक पिटर एशोले भन्नुभयो, "बजारहरू पछि के हुन्छ बिश्लेषकहरूले पत्ता लगाउने कोसिस गरिरहेका छन्, तर केही समयको लागि, बजारले उच्च वृद्धि र उच्च मुद्रास्फीति दृष्टिकोणबाट मूल्य निर्धारण गरिरहेको छ।"ट्रम्पको समर्थनमा खरो उत्रिनुभएका एलन मस्कको टेस्ला कम्पनी (सन् २००३ मा स्थापित टेस्ला मोटर्स विद्युतीय गाडी, उर्जा सञ्चय र सोलार प्यानल उत्पादक कम्पनी) को शेयरमा प्रारम्भिक १२ प्रतिशतले उछाल आएको छ।

रूसी प्रशासनिक केन्द्र क्रेमलिनले बुधबार अमेरिकी राष्ट्रपति चुनावमा विजयी भएको दाबी गरेका डोनाल्ड ट्रम्पको कदमको मूल्याङ्कन गरेर समर्थज वा आलोचना गर्ने बताएको छ । क्रेमलिनका प्रवक्ता दिमित्री पेस्कोभले पत्रकारसँग भन्नुभयो, "हामी ठोस कदम र ठोस शब्दका आधारमा निष्कर्ष निकाल्नेछौं।"'ट्रम्पलाई चुनावमा बधाई दिने राष्ट्रपतिको योजनाबारे आफूलाई जानकारी नभएको' उहाँले बताउनुभयो।

**रिपब्लिकन पार्टीलाई 'अभूतपूर्व र बलियो जनादेश मिलेको' पूर्वराष्ट्रपति ट्रम्पको घोषणा**

फ्लोरिडास्थित आफ्नो निर्वाचन अभियानको मुख्यालयमा उपस्थित समर्थकहरूको भिडलाई सम्बोधन गर्दै रिपब्लिकन नेता डोनल्ड ट्रम्पले रिपब्लिकनहरूले आजको दिनलाई भविष्यमा फर्केर हेर्दा 'आफ्नो जीवनको सबभन्दा महत्वपूर्ण दिनमध्ये एक मान्ने' बताउनुभएको छ।

"अमेरिकाले हामीलाई अभूतपूर्व र बलियो जनादेश दिएको छ," उहाँले सिनेटमा पनि रिपब्लिकनको नियन्त्रण पुनस्थापित भएकोतर्फ सङ्केत गर्दै भन्नुभयो।

सीमा व्यवस्थापन गर्ने र देशलाई एकिकृत गर्दै अघि बढ्ने प्रतिवद्धता जाहेर गर्दै उहाँले भन्नुभयो । सम्बोधनका क्रममा उहाँले आफ्नी श्रीमति मेलानियाका साथै परिवारका सदस्यसहित सम्पूर्ण शुभेच्छुक मतदाताहरूलाई धन्यवाद दिनुभएको छ । उहाँले समर्थकहरूलाई गरेको सम्बोधनलाई आफ्नो विजय भाषणको रूपमा प्रयोग गर्नुभएको छ। मतपरिणामको आधिकारिक घोषणा भइसकेको छैन तर निर्वाचन परिणामका प्रक्षेपणहरूले ट्रम्प जितको नजिक पुगेको जनाइरहेका छन्।

समाचार तयार पार्दासम्म ट्रम्पले छ करोड ८८ लाख ७७ हजार २९३ मत प्राप्त गर्नुभएको छ भने ह्यारिसले छ करोड ३६ लाख १३ हजार ९५१ मत प्राप्त गर्नुभएको छ। नेपाली समय अनुसार बुधबार मध्यान्नसम्ममा रिपब्लिकन नेता ट्रम्पले मङ्गलबार खसेको कुल मतको ५१.१ प्रतिशतभन्दा बढी मत प्राप्त गर्नुभएको छ भने डेमोक्र्याटिक पाटीका तर्फबाट उम्मेदवार हुनुभएका उपराष्ट्रपति कमला ह्यारिसले ४७.२ प्रतिशत मत प्राप्त गर्नुभएको छ।

रिपब्लिकन नेता ट्रम्पले २६६ इलेक्टोरल मत प्राप्त गर्दा उहाँका प्रतिद्वन्द्वी ह्यारिसले २१९ इलेक्टोरल मत प्राप्त गर्नुभएको छ । यसरी हेर्दा ट्रम्पलाई राष्ट्रपति पदमा जीतको लागि जादुई इलेक्टोरल संख्या २७० मा पुग्न अब मात्र चार इलेक्टोरल मतको आवश्यक हुनेछ । अमेरिकी समाचार संस्था फक्स न्यूजले ट्रम्प निर्वाचित भएको घोषणा गरेको छ। फक्स न्यूजले ट्रम्पलाई २७० भन्दा माथि थप केही सीट प्राप्त हुने जनाएको छ।

**ट्रम्पलाई २४३ इलेक्टोरल मत प्राप्त हुँदा ह्यारिसलाई १९४ : अमेरिकी सञ्चारमाध्यम**

अमेरिकी राष्ट्रपतिका लागि मङ्गलबार भएको निर्वाचनमा डेमोक्र्याटिक पार्टीका तर्फबाट उम्मेद्वार रहनुभएका उपराष्ट्रपति कमला ह्यारिस र रिपब्लिकन उम्मेद्वार पूर्व राष्ट्रपति डोनाल्ड ट्रम्पबीच कडा प्रतिस्पर्धा देखिएको अमेरिकी सञ्चारमाध्यमले जनाएका छन्।

अमेरिकी सञ्चारमाध्यमका अनुसार अहिलेसम्म उपराष्ट्रपति ह्यारिसले क्यालिफोर्निया, न्यूयोर्कलगायत १४ वटा राज्यमा बहुमत ल्याउने सुनिश्चित भएको छ भने नेता ट्रम्पले टेक्सास, ओहायो, नर्थ क्यारोलाइना र अन्य भरपर्दो रिपब्लिकन झुकाव भएका राज्यसहित २३ राज्यमा जित हासिल गर्ने देखिएको छ।

अहिलेसम्म ट्रम्पले २४३ र ह्यारिसले १९४ इलेक्टोरल मत प्राप्त गरेका छन् ।राष्ट्रपति पदमा जीतको लागि जादुई इलेक्टोरल संख्या २७० रहेको छ।

पर्यवेक्षकहरूले ह्वाइट हाउसका लागि भएको निर्वाचनमा यस पहिले नै प्रक्षेपण गरिए अनुसार दुबै उम्मेदवारको झण्डै बराबर मत रहेको अनुमान गरिएका केही राज्य निर्णायक हुनेछन् ।एपी, सीएनएन, फक्स न्यूज, एमएसएनबीसी/एनबीसी न्यूज, एबीसी र सीबीएसलगायत अमेरिकी मिडियाको अनुमानको आधारमा प्रत्येक उम्मेदवारले जितेका राज्यहरूको सूची र इलेक्टोरल मतहरूको सम्बन्धित संख्या निम्नानुसार छ।

डेमोक्र्याटिक नेता ह्यारिस पाएका कूल १९४ इलेक्टोरल मतमध्ये क्यालिफोर्नियामा ५४, कोलोराडोमा १०, कनेक्टिकटमा सात, डेलावेयरमा तीन, कोलम्बियामा तीन, हवाईमा चार, इलिनोइसमा, १९, मेरिल्याण्डमा १०, म्यासाचुसेट्समा ११ र न्यू मेक्सिकोमा पाँच, न्यूयोर्कमा २८, ओरेगनमा आठ, रोएड आइल्याण्डमा चार, भर्मोन्टमा तीन, भर्जिनियामा १३, वासिङ्टनमा १२ रहेका छन्।

त्यसैगरी, ट्रम्पले पाएका कूल २४३ इलेक्टोरल मतमध्ये अलबामामा नौ, अर्कान्ससमा छ, फ्लोरिडामा ३०, आइडाहामो चार, इन्डियानामा ११, आयोवामा छ, कन्सासमा छ, केन्टकीमा आठ, लुसियानामा छ, मिसिसिपीमा छ, मिसौरीमा १०, मोन्टानामा चार, नर्थ क्यारोलिनामा १६, नर्थ डकोटामा तीन, ओहायोमा १७, ओक्लाहोमा सात, साउथ क्यारोलिनामा नौ, साउथ डकोटामा तीन, टेनिसीमा ११ टेक्सासमा ४०, यूटामा छ, वेस्ट भर्जीनियामा चार, वायोमिङमा तीन रहेका छन्।

## महिला यु-१९ विश्वकप क्रिकेट छनोट :
# नेपालले थाइल्यान्डबिरुद्ध ब्याटिङ गर्दै



काठमाण्डु । आइसीसी यु-१९ महिला टी-ट्वान्टी विश्वकपको एसिया छनोटअन्तर्गत अहिले नेपालले थाइल्यान्डबिरुद्ध ब्याटिङ गरिरहेको छ । थाइल्यान्डले टस जितेर फिल्डिङ राजेपछि नेपालले ब्याटिङ गर्न पुगेको हो ।

बुधबारदेखि सुरु छनोटको खेलमा नेपालले बुधबारै थाइल्यान्डको सामना गर्दैछ । युएईको अजमानस्थित द सेभेन डिस्ट्रिक्ट स्टेडियममा नेपाल र थाइल्यान्डबीचको खेल नेपाली समयनुसार दिउँसो ३:१५ मा हुनेछ।

युनाइटेड अरब इमिरेट्स (युएई) मा बुधबारदेखि सुरु भएको उक्त प्रतियोगिता यही कात्तिक २८ गतेसम्म चल्ने छ। प्रतियोगितामा नेपालसहित युएई, कुवेत र थाइल्यान्ड सहभागी छन्।

प्रत्येक टोलीले एकअर्कासँग दुई दुई खेल खेल्ने छन् । नेपालले आफ्नो दोस्रो खेल यही कात्तिक २२ गते कुवेतसँग खेल्ने छ। प्रतियोगितामा शीर्ष स्थानमा रहने टोलीले सन् २०२५ मा मलेसियामा हुने आइसीसी यु-१९ महिला टी-ट्वान्टी विश्वकपमा स्थान बनाउनेछ। एसिया छनोट खेलिरहेको नेपाली टोलीमा पूजा महतो (कप्तान), सोनी पाखिन (उपकप्तान), ज्योत्सिन्का मरासिनी, कृश्मा गुरुङ, सावित्री धामी, साना प्रवीण, कुसुम गोदार, सीमा केसी, एलिसाकुमारी यादव, मनिषाकुमारी उपाध्याय, रिया शर्मा, स्नेहा महरा, रचनाकुमारी चौधरी र तृष्णा विश्वकर्मा रहेका छन् ।रासस

# पोखरामा 'क्रस कन्ट्री दौड'सहितका विविध कार्यक्रम

गण्डकी । हिमालयन टुरिजम फोरमको आयोजनामा यही कात्तिक २४ गते पर्यटन राजधानी पोखरामा तेस्रो 'क्रस कन्ट्री दौड' प्रतियोगिता हुने भएको छ।




नेपाल र मित्रराष्ट्र चीनका खेलाडी सहभागी हुने यो अन्तर र्राष्ट्रिय प्रतियोगितामा दौडका विभिन्न चार विधामा प्रतिस्पर्धा गराइनेछ।

प्रतियोगिताअन्तर्गत ५० किलोमिटर समूहगत र व्यक्तिगत, विद्यार्थी दौड, पाँच किमी र ह्यप्पी रन समूहमा दुई किमी दौड हुनेछ । समूह विजेताले रु चार लाख ५८ हजार, उपविजेताले रु तीन लाख ४३ हजार, व्यक्तिगत विजेता महिला र पुरुषले समान रु एक लाख ५२ हजार पाउनेछन्।

विद्यार्थीतर्फको प्रतिष्पर्धाका विजेताले रु ३० हजार पाउँने छ। पचास किमी पर्वतीय दौड पोखराको लेकसाइडस्थित बाराहीघाटबाट सुरु भएर छोरेपाटन, रामदी, फुम्नेखोला हुँदै स्याङ्जाको फेदीखोला, पोखरा महानगरपालिका-२२ पुम्दीभुम्दी, शान्ति स्तूपबाट फेवाताल, पामे हुँदै पुनः बाराहीघाट आएर सम्पन्न हुनेछ।

प्रतियोगितामा सहभागी हुने चिनियाँ खेलाडी विमान चार्टर गरेर पोखरा आउने प्रतियोगिताका संयोजक विश्वशङ्कर पालिखेले जानकारी दिनुभयो।

प्रतियोगिताले नेपाल र चीनबीचको युगौंदेखिको सम्बन्धलाई थप प्रगाढ बनाउनुका साथै पर्यटन प्रवर्द्धनमा योगदान पुर्याउने विश्वास व्यक्त गर्नुभयो।

साहसिक खेलकुदको सहरका रूपमा परिचित पोखरामा यो प्रतियोगिताका साथै इन्ड्युरो साइकल रेस, ड्रागन बोट रेस, ट्रयोथलन, प्याराग्लाइडिङलगायत अन्तर्राष्ट्रियस्तरका प्रतियोगिता सञ्चालन हुँदै आएका छन्।

पोखरामा प्याराग्लाइडिङमा जिपलाइन,बञ्जी,अल्ट्रालाइटजस्ता साहसिक पर्यटनका निम्ति पनि चिनियाँ पर्यटक आउने गरेका छन्।

नेपालमा आउने चिनियाँ पर्यटकमध्ये ४० प्रतिशतले पोखरामा भ्रमण गर्ने होटल सङ्घ पोखराका अध्यक्ष लक्ष्मण सुवेदीले जानकारी दिनुभयो।

चीनबाट धेरै पर्यटक भित्र्याउन सकिने पोखरा पर्यटन परिषद्का उहाँले बताउनुभयो । व्यापारिक प्रयोजनका लागि पनि चिनियाँ पोखरा आउने गरेका छन्।

क्रस कन्ट्री प्रतियोगिताले पोखरासहित समग्र मुलुकका पर्यटकीय क्षेत्रको चीनमा प्रवर्द्धन हुने पोखरा पर्यटन परिषद्का अध्यक्ष तारानाथ पहारी बताउनुहुन्छ । क्रसकन्ट्री रेसका लागि चीनबाट सिछुवान विमान सेवाको विमान चार्टर गरेर एक सय ४० जना खेलाडी पोखरा विमानस्थलमा अवतरण गर्ने जानकारी दिँदै अध्यक्ष सुवेदीले पोखरा अन्तराष्ट्रिय विमानस्थल निर्माण पूरा भई सञ्चालन भए पनि हालसम्म अन्तर्राष्ट्रिय उडान हुन नसकेका अवस्थामा विदेशबाट विमान चार्टर गरेर सोझै पोखरामा अवतरण हुनु सकारात्मक भएको बताउनुभयो।

प्रतियोगिता नेपाल पर्यटन बोर्ड, राष्ट्रिय खेलकुद परिषद्, पोखरा महानगरपालिका र काठमाडौँस्थित चिनियाँ राजदूतावासको संयुक्त आयोजनामा हुनलागेको हो।


प्रतियोगिताका क्रममा भोलिदेखि तीन दिनसम्म 'पोखरा-कुन्मिङ इन्टरनेशनल फ्रेण्डसीप सिटिज लिग' हुनेछ । पोखरा पर्वतीय सङ्ग्रहालयमा युनानका पर्वतीय वस्तु तथा स्रोतसम्बन्धी प्रदर्शनी पनि हुनेछ।

त्यस क्रममा खेलकुद परिषद् लाई युनान खेलकुद ब्यूरोले खेल सामग्री तथा उपकरण प्रदान गर्ने कार्यक्रम छ। रासस

# सन् २०५० सम्ममा विश्वमा क्यान्सरबाट मृत्यु हुनेको संख्या दोब्बर हुने अनुमान

एएफपी

सिड्नी। अस्ट्रेलियाको एक अध्ययनले सन् २०५० सम्ममा विश्वभर क्यान्सरका कारण हुने मृत्युको संख्या झण्डै दोब्बर हुने प्रक्षेपण गरेको छ ।अध्ययनले सन् २०५० मा विश्वमा एक करोड ८५ लाख मानिसको क्यान्सरका कारण मृत्यु हुने अनुमान गरेको छ, जुन सन् २०२२ को ९७ लाखको तुलनामा ८९.७ प्रतिशतले बढी हो।



युनिभर्सिटी अफ क्विन्सल्याण्डका हब्तामु बिजुआयेहुको नेतृत्वमा अनुसन्धानकर्ताहरूले १८५ देशका ३६ प्रकारका क्यान्सरका विरामी र मृत्युदरको विश्लेषण गरी सन् २०५० को संयुक्त राष्ट्रसङ्घको जनसंख्या पूर्वानुमानमा यो दर लागू गरेर भविष्यका क्यान्सरका विरामी र मृत्युको प्रक्षेपण गरेका थिए। सन् २०२२ मा दुई करोड क्यान्सर भएकामा सन् २०५० मा तीन करोड ५३ लाख पुग्ने अनुमान गरिएको छ।

संयुक्त राष्ट्रसङ्घको मानव विकास सूचकाङ्क (एचडीआई) मा कम वरियता भएका देशहरूमा सन् २०५० सम्ममा क्यान्सरका बिरामी र मृत्यु दर तीन गुणाले बढ्ने अनुमान गरिएको छ ।सन् २०५० मा फोक्सोको क्यान्सर यस रोगका कारण हुने मृत्युको प्रमुख कारण रहने अनुमान गरिएको छ, जुन सन् २०२२ मा १८.७ प्रतिशत रहेको थियो। सन् २०२२ देखि २०५० को बीचमा महिलाको तुलनामा पुरुषमा क्यान्सरका बिरामी र मृत्यु हुनेको संख्या केही बढी हुने अध्ययनले देखाएको छ।

# कतारको संविधान संशोधन परियोजना जनमत सङ्ग्रहबाट स्वीकृत

सिह्वा

दोहा । कतारको संविधान संशोधन परियोजना राष्ट्रिय जनमतसंग्रहबाट स्वीकृत भएको सरकारी समाचार एजेन्सी क्युएनएले बुधबार जनाएको छ।

आन्तरिक मन्त्री तथा जनमत संग्रह समितिका अध्यक्ष शेख खलिफा बिन हमद बिन खलिफा अल थानीको नेतृत्वको जनमत सङ्ग्रह समितिले सन् २०२४ का लागि देशको स्थायी संविधान संशोधनको मस्यौदामा जनमत सङ्ग्रहको परिणाम स्वीकृत गर्ने घोषणा गरेको हो । थानीले जारी गरेको विज्ञप्तिअनुसार कतारको संविधानको संशोधनको परियोजनाले कुल वैध मतको ९०.६ प्रतिशत लोकप्रिय स्वीकृति पाएको छ।

यसअघि गत अक्टोबर २९ मा कतारका अमिर शेख तमिम बिन हमद अल-थानीले १८ वर्ष वा सोभन्दा माथिका सबै नागरिकलाई जनमत सङ्ग्रहमा सहभागी हुन आह्वान गर्दै आदेश जारी गर्नुभएको थियो। कतारी समाजका विभिन्न वर्गहरूबिच एकताको समावेश गरेको यस राष्ट्रिय कार्यक्रममा प्राप्त सफलताहरूको कदर गर्दै जनमतसङ्ग्रह समितिले बुद्धिमान् नेतृत्व र उदार कतारी जनतालाई धन्यवाद दिएको छ।

क्युएनएको अघिल्लो रिपोर्टका अनुसार पछिल्लो संवैधानिक संशोधनले कतारको आन्तरिक र विदेश नीति ढाँचामा महत्वपूर्ण अद्यावधिक प्रस्तुत गरेको छ जसमा विधायी सीटहरूका लागि सीमित मतदान समाप्त गर्ने कि नगर्ने भन्ने उल्लेख छ।

# इजरायली प्रधानमन्त्री नेतान्याहुद्वारा रक्षामन्त्री ग्यालन्टलाई बर्खास्त

एएनआई

तेल अभीभ । इजरायलका प्रधानमन्त्री बेन्जामिन नेतान्याहूले आफ्ना रक्षामन्त्री याओव ग्यालन्टलाई विश्वास गर्ने वातावरण नदेखिएको कारण देखाउँदै पदबाट बर्खास्त गर्नुभएको छ।

टाइम्स अफ इजरायलका अनुसार लिकुड पार्टीका ग्यालेन्टको स्थानमा विदेश मन्त्री इजरायल काट्जलाई ल्याइने भएको छ।

काट्जको स्थानमा गिदोन सारलाई विदेशमन्त्रीको जिम्मेवारी दिने तयारी गरिएको छ ।टाइम्स अफ इजरायलले प्रधानमन्त्री कार्यालयलाई उद्धृत गर्दै नेतान्याहूले ग्यालन्टलाई रक्षा मन्त्रीको रूपमा पत्र प्राप्त भएको ४८ घण्टाभित्र पद समाप्त हुने जानकारी दिएको जनाएको छ। युद्धको सुरुवाती समयमा विश्वाससहितका कामहरु भएको भएपनि पछिल्लो समयमा विश्वसनियता घट्दै गएको जनाउदै नेतन्याहूले बर्खास्तको विज्ञप्ति जारी गरेको टाइम्स अफ इजरायलले जनाएको छ । रक्षामन्त्रीसँगको विश्वासको सङ्कटले सैन्य अभियानलाई उचित मार्गदर्शन र सक्षम बनाउन नसकिने बताउँदै नेतान्याहूले यस्तो निर्णय गरेको बताउनुभएको छ।

बर्खास्त भएपछि, ग्यालन्टले इजरायलको सुरक्षाका लागि सक्रिय रहने वाचा गर्दै सामाजिक सञ्जाल एक्सको पोस्टमा इजरायलको सुरक्षा सधैं आफ्नो जीवनको लक्ष्य हुने र यसका लागि सधैं लागिरहने बताउनुभएको छ । ग्यालन्टले 'हमासद्वारा अपहरण गरिएका इजरायली 'छोरा-छोरी'लाई फिर्ता ल्याउने नैतिक प्रतिबद्धतामा पनि जोड दिनुभएको छ। उनीहरू जीवित रहँदै सकेसम्म चाँडो उद्धार गर्नुपर्ने जनाउदै उहाँले विज्ञप्ति जारी गर्नुभएको छ।



बन्धकहरूलाई फिर्ता ल्याउन सम्भव रहेको बताउँदै उहाँले त्यसको लागि उचित सम्झौता आवश्यक रहेको बताउनुभएको छ । मृत्यु भइसकेका बन्धकहरूलाई फिर्ता ल्याउन नसके पनि बाँकी बन्धकका लागि आवश्यक पहल गर्न जरूरी रहेको ग्यालान्टले उल्लेख गर्नुभएको छ।

टाइम्स अफ इजरायलका अनुसार दर्जनौं दक्षिणी इजरायली समुदायमा भएका आक्रमणमा ज्यान गुमाएका करिब एक हजार २०० मानिसको साथै २५१ जनालाई बन्धक बनाएको अक्टोबर-७ हमास आक्रमणको सरकारी अनुसन्धानका लागि पनि उहाँले आह्वान गर्नुभएको छ।

# ग्रामीण भेगमा ट्र्याक्टरको प्रयोग बढ्न थाल्यो



दार्चुला । प्रविधिको विकाससँगै दार्चुलाका पहाडी ग्रामीण क्षेत्रमा अहिले परम्परागत रुपमा गोरूको प्रयोग गरी खेत जोत्ने चलन विस्तारै हराउन थालेको छ । तराईमा मात्र प्रयोग हुँदै आएको ट्र्याक्टर पछिल्ला केहीवर्षयता पहाडी ग्रामीण बस्तीमा पनि पुग्न थालेसँगै यसको प्रयोग बढ्न थालेको हो ।

दुई वर्ष अघिसम्म अपिहिमाल गाउँपालिका-४ का प्रकाश कार्कीले गोरूको सहायताले महिनौँ लगाएर खेतबारी जोत्नुहुन्थ्यो । यहाँका अधिकांशको घरमा कम्तिमा एक हलगोरू, हलो र जुवा हुन्थ्यो । अहिले प्रकाशको घरमा गोरू, हलो र जुवा केही छैनन् । खेतबारी खन्न ट्र्याक्टरको प्रयोग बढेसँगै प्रकाशलाई खेतीकिसानी गर्न सजिलो भएको छ ।

महिनौँ लगाएर खन्नुपर्ने खेतबारी ट्र्याक्टरले दुई दिनमा खन्न थालेपछि काममा सहज हुनुका साथै समयको बचत भएको कार्कीले बताउनुभयो । गाउँमा अहिले गहुँ छर्ने बेला भएको भन्दै आफ्नो खेतको काम सकेर अरुकोमा पनि काम भ्याइने उहाँले उल्लेख गर्नुभयो । ट्र्याक्टरको प्रयोग बढेसँगै खेतीबाली लगाउन, माटो धुल्याउन निकै सजिलो भएको अपिहिमाल-४ का किसान बताउँछन् । यसअघि भनेको समयमा गोरू नपाउने, कामदारको अभावलगायत समस्या भोगिरहेका यहाँका किसानलाई ट्र्याक्टरको प्रयोग बढ्न थालेपछि काममा सहज भएको छ ।

> दुई वर्ष अघिसम्म अपिहिमाल गाउँपालिका-४ का प्रकाश कार्कीले गोरूको सहायताले महिनौँ लगाएर खेतबारी जोत्नुहुन्थ्यो ।

ट्र्याक्टरको प्रयोग गरी काम गर्दा समयको बचत हुनुका साथै जमिन बाँझो राख्नुपर्ने बाध्यता अन्त्य भएको विनोद अट्यालले बताउनुभयो ।

खेत जोत्न ट्र्याक्टरको प्रयोग गर्न थालेपछि गोरू र खेताला खोज्नुपर्ने झन्झट हटेको उहाँको भनाइ छ । कम जनशक्ति र समयमा पनि धेरै काम गर्न सकिने भएकाले ट्र्याक्टरको प्रयोग उपलब्धिमूलक बनेको उहाँले बताउनुभयो ।

काममा सजिलो हुने भएपछि अहिले गाउँमा सामूहिक रुपमा ट्र्याक्टर खरिद गरेर भित्र्याउने चलन बढेको छ । सडक नपुगेको अपिहिमालका अधिकांश बस्तीसम्म अहिले ट्र्याक्टरको पहुँच पुगेको अपिहिमाल-४ का कल्यानसिंह बोहराले जानकारी दिनुभयो । उहाँका अनुसार गाउँमा डिजेल रु दुई सय ३० प्रतिलिटरमा पुगेको भन्दै महँगो भए पनि किसानले ट्र्याक्टरको प्रयोग गरेर खेतीपाती गर्न थालेका छन् ।

"पाखा र भिरालो बारीमा मकै, गहुँ, जौ, धानलगायत अन्न छर्न अहिले खेत जोत्ने काम गोरूले नगरी मिनिटिलर (हाते ट्र्याक्टर) बाट हुन थालेको छ । गाउँमा अधिकांशले गोरू पाल्न छोडिसकेका छन्", बोहराले भन्नुभयो, "अहिले खेती गर्न प्रविधिको प्रयोग बढ्दै गएकाले हामीले पनि हाते ट्र्याक्टरको प्रयोग गर्न थालेका हौँ ।"

अपिहिमाल-२ का डब्बलसिंह कार्कीले गाउँमा थोरै परिवारले मात्रै अहिले गोरू पाल्ने गरेका सुनाउनुभयो । "पाँच-छ वर्ष अघिसम्म गाउँका हरेक घरमा एक हलगोरू हुन्थ्यो । अहिले गाउँमा एकाधबाहेक गोरू नै छैनन्", उहाँले भन्नुभयो, "दुई-तीन परिवारको खेतमा एउटै व्यक्तिको गोरू प्रयोग हुने गरेको छ । अधिकांशले हाते ट्र्याक्टर प्रयोग गर्छन् ।"

किसान वसन्तसिंह लोथ्यालले शिक्षा तथा रोजगारीको खोजीमा युवाले गाउँ छोड्दै जाँदा गाउँमा गोरूको विकल्पमा ट्र्याक्टरको प्रयोग बढ्न थालेको बताउनुभयो । "काम गर्ने युवा गाउँमा नभएपछि गोरू पाल्ने चलन पनि हराउँदै गएको छ । गोरू चराउने, घाँसपानी गर्ने कोही नभएपछि विस्तारै गाउँलेले गोरू पाल्न छोडेका हुन्", उहाँले भन्नुभयो ।रासस

# 'आफ्नै खेतबारीमा नङ्ग्रा खियाउँदा सन्तुष्टी मिल्दो रहेछ'

म्याग्दी । म्याग्दीको बेनी नगरपालिका-२ रोहोटेका चन्द्रबहादुर घिमिरेले तरकारी खेतीबाट गाउँमै स्वरोजगार र आत्मनिर्भर बन्नुभएको छ । गाउँकै माटोमा तरकारी खेतीमार्फत खुसी र समृद्धि आर्जन गरेका घिमिरे रोजगारीको खोजीमा विदेश भौतारिने युवाहरुका लागि प्रेरणाको स्रोत बन्नुभएको हो ।

आफ्नो देशमै केही गर्ने र परिवारसँगै बस्ने योजनाले नौ वर्ष साउदी अरबको बसाइलाई बिट मारेर स्वदेश फर्केका रोहोटेका ५० वर्षीय घिमिरेले साउदी अरबको भन्दा दुई गुणा बढी आम्दानी गर्न सफल हुनुभएको छ । "जहाँ भएपनि काम नगरी सुःख पाइदैन," उहाँले भन्नुभयो "बिचौलियालाई लाखौ पैसा दिएर आफैलाई बेचेर विदेशमा पुगेर अर्काको नोकर बन्नुभन्दा आफ्नै खेतबारीमा नङ्ग्रा खियाउँदा सन्तुष्टी मिल्दो रहेछ् ।"

पाँच हाइटेक प्रविधिको टनेलमा तरकारी खेती गर्नुभएका घिमिरेको बारीमा अहिले मौसमी र बेमौसमी तरकारीहरु लटरम्मै झुलिरहेका छन् । काउली, बन्दा, मटरकोसा, गोलभैँडा, मूला, साग, धनियाँदेखि लिएर काँक्रा र तीतेकरेलाजस्ता बेमौसमी तरकारी फलाएर घिमिरेले एक याममा रु. चार लाखभन्दा बढी कमाई हुने बताउनुभयो । अमृता कृषि फार्म सञ्चालन गरेका घिमिरेले आफ्नै ठाउँमा गरे के हुँदो रहेनछ भन्ने उदाहरण प्रस्तुत गर्नुभएको छ । उहाँले गोलभेडा, काउली, बन्दा, आलु, साग, मौसमी तरकारी र बेमौसमी तरकारीको उत्पादन गरेर बेनी बजारमा बिक्री गर्दै आउनुभएको छ ।

घिमिरेकोकृषिफार्ममाश्रीमती र छोराले पनि साथ दिनुभएको छ । छोरालाई उच्च शिक्षा पढाउन र घरब्यवहार चलाउन तरकारी खेतिले सहज भएको घिमिरेले बताउनुभयो । कृषि ज्ञान केन्द्रले हाइटेक प्रबिधिको टनेल स्थापना गर्न सहयोग गरेको छ । केन्द्रका प्रमुख सञ्जिब बास्तोला चन्द्रबहादुर मेहनती, परिश्रमी, संघर्षशिल र सफल अगुवा कृषकको पहिचान बनाउन सफल भएका बताउनुहुन्छ ।



बेनी नजिकै रहेको र सडक यातायातको सुविधाका कारण बजारको समस्या नभएपछि छिमेकीको जग्गाका हुर्कदै गरेका रुखको ओसेप घिमिरेको ब्यवसायिक तरकारी खेतीका लागि चुनौति बनेको छ ।रासस

# अष्ट्रेलियन र क्यानेडियन डलरको भाउ बढ्यो



काठमाण्डु । नेपाल राष्ट्र बैंकले बुधबारका लागि विदेशी मुद्राको विनिमय दर निर्धारण गरेको छ । राष्ट्र बैंकका अनुसार मङ्गलबारको तुलनामा बुधबारका लागि अष्ट्रेलियन र क्यानेडियन डलरको भाउ बढेको छ ।

मङ्गलबार अष्ट्रेलियन डलर एकको खरिदर ८८ रुपैयाँ ५७ पैसा र बिक्रीदर ८८ रुपैयाँ ९७ पैसा कायम भएकामा बुधबार एकको खरिददर ८८ रुपैयाँ ९६ पैसा र बिक्रीदर ८९ रुपैयाँ ३६ पैसा निर्धारण भएको छ । साथै हिजो क्यानेडियन डलर एकको खरिददर ९६ रुपैयाँ ५२ पैसा र बिक्रीदर ९६ रुपैयाँ ९६ पैसा रहेकामा बुधबारका लागि एकको खरिददर ९६ रुपैयाँ ७४ पैसा र बिक्रीदर ९७ रुपैयाँ १७ पैसा कायम भएको छ ।

साथै बुधबारका लागि अमेरिकी डलर एकको खरिददर एक सय ३४ रुपैयाँ २८ पैसा र बिक्रीदर एक सय ३४ रुपैयाँ ८८ पैसा कायम भएको छ । युरोपियन युरो एकको खरिददर एक सय ४६ रुपैयाँ ३९ पैसा र बिक्रीदर एक सय ४७ रुपैयाँ ०४ पैसा, युके पाउण्ड स्ट्रलिङ एकको खरिददर एक सय ७४ रुपैयाँ ४२ पैसा र बिक्रीदर एक सय ७५ रुपैयाँ २० पैसा, स्वीस फ्र्याङ्क एकको खरिददर एक सय ५५ रुपैयाँ ८२ पैसा र बिक्रीदर एक सय ५६ रुपैयाँ ५२ पैसा कायम गरिएको छ ।

बैंकका अनुसार सिङ्गापुर डलर एकको खरिददर एक सय दुई रुपैयाँ ०१ पैसा र बिक्रीदर एक सय दुई रुपैयाँ ४६ पैसा निर्धारण गरिएको छ । जापानी येन १० को खरिददर आठ रुपैयाँ ८२ पैसा र बिक्रीदर आठ रुपैयाँ ८६ पैसा, चिनियाँ युआन एकको खरिददर १८ रुपैयाँ ९० पैसा र बिक्रीदर १८ रुपैयाँ ९९ पैसा, साउदी अरेबियन रियाल एकको खरिददर ३५ रुपैयाँ ७५ पैसा र बिक्रीदर ३५ रुपैयाँ ९१ पैसा, कतारी रियाल एकको खरिददर ३६ रुपैयाँ ८४ पैसा र बिक्रीदर ३७ रुपैयाँ ०१ पैसा कायम भएको छ ।

केन्द्रीय बैंकका अनुसार थाइभाट एकको खरिददर चार रुपैयाँ र बिक्रीदर चार रुपैयाँ ०२ पैसा, युएई दिराम एकको खरिददर ३६ रुपैयाँ ५६ पैसा र बिक्रीदर ३६ रुपैयाँ ७२ पैसा, मलेसियन रिङ्गेट एकको खरिददर ३० रुपैयाँ ९० पैसा र बिक्रीदर ३१ रुपैयाँ ०४ पैसा, साउथ कोरियन वन एक सयको खरिददर नौ रुपैयाँ ७३ पैसा र बिक्रीदर नौ रुपैयाँ ७७ पैसा, स्वीडिस क्रोनर एकको खरिददर १२ रुपैयाँ ५६ पैसा र बिक्रीदर १२ रुपैयाँ ६१ पैसा र डेनिस क्रोनर एकको खरिददर १९ रुपैयाँ ६३ पैसा र बिक्रीदर १९ रुपैयाँ ७१ पैसा तोकिएको छ ।

राष्ट्र बैंकले हङ्कङ डलर एकको खरिददर १७ रुपैयाँ २८ पैसा र बिक्रीदर १७ रुपैयाँ ३६ पैसा, कुवेती दिनार एकको खरिददर चार सय ३८ रुपैयाँ ३४ पैसा र बिक्रीदर चार सय ४० रुपैयाँ ३० पैसा, बहराइन दिनार एकको खरिददर तीन सय ५६ रुपैयाँ १८ पैसा र बिक्रीदर तीन सय ५७ रुपैयाँ ७७ पैसा तथा भारतीय रुपैयाँ एक सयको खरिददर एक सय ६० रुपैयाँ र बिक्रीदर एक सय ६० रुपैयाँ १५ पैसा तोकेको छ । राष्ट्र बैंकले यो विनिमय दरलाई आवश्यकतानुसार जुनसुकै समयमा पनि संशोधन गर्न सकिने जनाएको छ । वाणिज्य बैंकले तोक्ने विनिमय दर भने फरक हुनसक्ने र अद्यावधिक विनिमय दर केन्द्रीय बैंकको वेबसाइटमा उपलब्ध हुने जनाइएको छ ।रासस

# नेप्सेमा झिनो अङ्कको गिरावट

काठमाण्डु । धितोपत्र बजारमा बुधबार शेयर कारोबार मापक नेप्से परिसूचक झिनो अङ्कले घटेको छ । नेपाल स्टक एक्सचेञ्जका अनुसार नेप्से परिसूचक एक दशमलव ८८ अङ्कले ओरालो लागेर दुई हजार छ सय ७५ दशमलव ५१ विन्दुमा आएको छ ।

बुधबारको कारोबारमा सेन्सेटिभ परिसूचक शून्य दशमलव ८१ अङ्कले घटेर चार सय ७७ दशमलव १८ मा सीमित भएको छ । त्यस्तै, कारोबार भएका १३ उपसमूहमध्ये पाँच उपसमूहको परिसूचक उकालो लाग्दा आठ उपसमूहको ओरालो लागेको छ । कुल एक करोड १६ लाख आठ सय ६९ कित्ता शेयर रु पाँच अर्ब २२ करोड २४ लाख ८६ हजार आठ सय ५१ मा कारोबार भएको छ ।

नेप्सेका अनुसार नारायणी डेभलपमेन्ट बैङ्कको शेयर मूल्य १० प्रतिशतले बढेको छ । त्यस्तै, बलेफी हाइड्रोपावर नौ दशमलव ९८, पिपुल्स हाइड्रोपावर कम्पनीको नौ दशमलव १२, समृद्धि फाइनान्स कम्पनीको आठ दशमलव ७९ र राप्ती हाइड्रोका लगानीकर्ताले सात दशमलव ८० प्रतिशतले कमाएका छन् ।

बुधबारको कारोबारमा नेपाल फाइनान्स आठ दशमलव २६ प्रतिशतले, कुथेली बुथेली हाइड्रोपावर आठ दशमलव २३, समाज लघुवित्त वित्तीय संस्था छ दशमवल २१, युनाइटेड मोदी हाइड्रोपावर चार दशमवल शून्य तीन र सुपर मादी हाइड्रोपावरको शेयर मूल्य तीन दशमलव ५७ प्रतिशतले घटेको छ ।रासस

# तनहुँ र म्याग्दीमा भित्र्याउने बेलाको धानबालीमा वर्षाले क्षति

दमौली । सोमबारको भीषण वर्षाका कारण तनहुँका विभिन्न ठाउँमा भित्र्याउने बेला भएको धानमा क्षति भएको छ । जिल्लाका दशवटै पालिकाका विभिन्न ठाउँमा वर्षाले धानमा क्षति भएको कृषि ज्ञान केन्द्रले जनाएको छ । सबै स्थानमा भएको क्षतिको विवरण सङ्कलन भइरहेको छ । केन्द्रका सूचना अधिकारी किरण परियारका अनुसार वर्षाका कारण भएको क्षतिको विवरण सङ्कलन भइरहेको छ ।

यो वर्ष जिल्लामा आठ हजार हेक्टरमा धान रोपिएको थियो । यहाँ राधा, सावित्री रामधान, सुगन्ध मसिनो, अनदी, सुनौलो सुगन्ध, मकवानपुरलगायत धानखेती हुने गरेको केन्द्रले जनाएको छ । गत वर्ष जिल्लामा ३३ हजार दुई सय ८० मेट्रिक टन वर्षे र सात हजार नौ सय ३८ मेट्रिक टन चैतेधान उत्पादन भएको थियो ।जिल्लाका तनहुँसुर, सेपाबगैंचा, कलेस्ती, पुर्कोट, गजरकोटको अत्रौली, आँबुखैरेनी, साँगेलगायत क्षेत्र धानखेतीका लागि प्रख्यात मानिन्छन् । तनहुँमा खेतीयोग्य जमिनको क्षेत्रफल ६५ हजार ६१ हेक्टर छ । एकाउन्न हजार पाँच सय १० क्षेत्रफलमा मात्र विभिन्न खेती भइरहेको छ । तेह्र हजार पाँच सय ५१ हेक्टर खेतीयोय जमिन बाँझो छ

यसैबीच, सोमबार र मङ्गलबारको वर्षाले म्याग्दीका विभिन्न क्षेत्रमा वर्षाका कारण थन्क्याउने तयारी भएको धानमा क्षति पुगेको छ । वर्षाले खेतमा काटेर सुकाएको धानको निहिन र पराल डुबाएको किसानले बताएका छन् ।जिल्लाका रघुगङ्गा, मालिका, मङ्गला गाउँपालिका र बेनी नगरपालिकाका अधिकांश स्थानका किसानले तिहार सकिएलगत्तै धान भित्र्याउने तयारी गरेका थिए ।रासस

# अटो चलाएर त्रिसट्ठी वर्षीय तुलादत्त परिवारको खर्च धान्दै

कञ्चनपुर । शुक्लाफाँटा नगरपालिका-१० का तुलादत्त जोशीलाई ६३ वर्ष नाघ्नै आँटेको छ । युवा जस्तै जोस र जाँगरका साथ उहाँ अटो चलाउन व्यस्त हुनुहुन्छ ।

पाँच वर्षदेखि उहाँले अटो चलाउँदै आउनुभएको छ । दैनिक उहाँको कमाई रु एक हजारदेखि दुई हजारको हाराहारीमा हुने गरेको छ । महिनामा रु २० हजार देखि रु ३० हजार सम्मको कमाई उहाँको रहेको छ । "यात्रु बढी पाइएका दिन धेरै कमाई हुन्छ" उहाँ भन्नुहुन्छ, "कम भएको दिन थोरै हुन्छ, दिनमै यति कमाई हुन्छ भन्न सकिँदैन ।" अटोको कमाईले घर खर्च सहज रुपमा चल्दै आएकामा उहाँ सन्तुष्टि व्यक्त गर्नुहुन्छ । नगरपालिकाको झलारी बजारदेखि कालापानी रुटमा उहाँले अटो चलाउने गर्नुहुन्छ । त्यो रुटमा अटोमा चढ्ने प्रतियात्रुले भाँडाबापत रु ८० तिर्ने गर्दछन् । बिहानीको झिसमिसेमै जोशी अटो लिएर झलारी बजारमा यात्रुको प्रतीक्षामा तम्तयार भएर बसेका हुन्छन् ।

"यात्रु नबोके गुजारा चल्दैन", उहाँले भन्नुभयो, "बिहान कार्यालय जाने, आवश्यक कामका लागि अन्त्य जाने यात्रुहरु प्रतीक्षामा हुन्छन्, घरबाट आउन ढिलो भए फोन गरेर बोलाई हाल्छन् ।" यात्रु नै भगवान् भएकाले नाइनास्ती गर्न नसकिने उहाँ बताउनुहुन्छ । "यात्रु बोक्दाबोक्दै दिन बितेको पत्तो नै हुँदैन, कुनै दिन खानका लागि घर जान पनि पाइँदैन, यात्रु नभएका बेला भने दिउँसोपख समय मिलाएर घरमै गएर खाना खाने गर्दै आएको छु", उहाँले भन्नुभयो ।

"विसं २०५४ मा पहाडबाट तराई झर्दा कमाईको साधन नहुँदा रोजगारीका लागि भारततर्फ लाग्नुपर्‍यो", विगत सम्झँदै जोशी भन्नुहुन्छ, "भारतमा केही वर्ष काम गरेर कमाई गरेको पैसाले कैलालीको फूलबारीमा १० कट्ठा जग्गा जोडे, आफन्तहरु सबै यतै भएकाले फूलबारीको जग्गा बेचेर झलारी बजार नजिकै साढे चार कट्ठा जग्गा जोडे, त्यसमै घर बनाएर बस्न थाले ।"

"घरघडेरी जोडे पनि कमाई गर्नका लागि केही त चाहियो नै", उहाँले अगाडि भन्नुभयो, "जग्गा बैङ्कमा राखेर १२ लाख कर्जा निकाले, त्यो कर्जाको रकमले अटो रिक्सा किने, बचेको पैसाले करेसाबारी बनाउन साढे तीन कट्ठा जग्गा किने ।" बैङ्कबाट कर्जा निकालेको रु १२ लाखमध्ये रु छ लाख रकम अटोको कमाईले तिर्न भ्याएको उहाँ बताउनुहुन्छ । अटोको कमाईले बैङ्कको कर्जाको बाँकी किस्ता बापतको रकम तिर्दै आउनुभएको छ ।

छोराले भारतको बैङ्गलोरमा काम गर्ने भएकाले उताबाट पनि रकम पठाउने गरेको उहाँको भनाइ छ । अटोको कमाई र छोराको कमाईले घर खर्चसँगै बैङ्कको किस्ता तिर्न कुनै अप्ठेरो नरहेकामा उहाँ ढुक्क हुनुहुन्छ । "बूढेसकाल लाग्यो अब केही गर्न सकिँदैन भनेर घरमा बसेको भए घर खर्च चलाउनै धौ धौ हुन्थ्यो", उहाँ भन्नुहुन्छ, "युवा जस्तै काम गर्दै आएको छु, स्वास्थ्यमा पनि समस्या छैन, आपत्विपत् परेका कसैसँग हात थाप्नु परेको छैन, सहज रुपमा दैनिकी चलेको छ ।" आत्मनिर्भर भएर काम गर्न पाउँदाको खुसी उहाँ व्यक्त गर्नुहुन्छ । सिटभन्दा बढी यात्रु नबोक्ने र थोरै गतिमा अटो चलाउने भएकाले जोशीकै अटो रोजाइमा पर्ने गरेको यात्रु भरतबहादुर ऐरले बताउनुभयो ।रासस



# पोखरामा विशिष्टीकृत अस्पताल निर्माण गर्न जग्गाकै अभाव

गण्डकी । प्रदेश गौरवको आयोजनामा समेटिएको क्यान्सर, मुटु, मिर्गौला र बाल रोग सम्बन्धी एकीकृत सेवासहितको विशिष्टीकृत अस्पताल निर्माणका लागि गण्डकी प्रदेश सरकारले सङ्घीय सरकारसँग जग्गा माग गरेको छ ।

प्रदेश सरकारका स्वास्थ्यमन्त्री कृष्णप्रसाद पाठकले हालै प्रधानमन्त्री केपी शर्मा ओलीलाई भेट गरेर कास्कीको पोखरा महानगरपालिका-१६ स्थित जौवारी सिँचाइ विभागको दुई सय रोपनी जग्गा प्रदेश सरकारलाई उपलब्ध गराइदिन माग गरिएको जानकारी दिनुभयो ।

प्रदेश स्थापनापछि गठित पहिलो सरकारले प्रदेश राजधानी पोखरामा उक्त विशिष्टीकृत अस्पताल स्थापना गर्ने निर्णय गरेपनि जग्गा व्यवस्थापनको जटिलतालगायत कारणले कार्यान्वयन हुन सकेको छैन । प्रदेश सरकारको वार्षिक नीति तथा कार्यक्रममा पनि उक्त योजना समेटिँदै आएको स्वास्थ्यमन्त्री पाठकले बताउनुभयो । "प्रधानमन्त्रीसमक्ष जग्गाव्यवस्थापनलगायत विभिन्न १२ मागहरु मन्त्रालयकातर्फबाट पेस गरिएको छ, प्रधानमन्त्रीले आवश्यक सहयोग र समन्वय गर्ने प्रतिबद्धता जनाउनुभएको छ", उहाँले भन्नुभयो ।

मन्त्री पाठकले जग्गा अभावकै कारण विशिष्टीकृत अस्पताल निर्माणमा बिलम्ब भइरहेको बताउनुभयो । उहाँले प्रदेशमा एकीकृत सेवासहितको मातृशिशु, महिला तथा बाल अस्पताल स्थापनाका लागि पनि पहल भइरहेको जानकारी दिनुभयो । जटिल रोगको उपचार सेवाका लागि सर्वसाधारण काठमाडौँजानुपर्नेबाध्यताअन्त्यका लागि पोखरामा सुविधासम्पन्न विशिष्टीकृत अस्पतालको जरुरी रहेको उहाँको भनाइ छ । मन्त्री पाठकले अन्तरङ्ग सेवासहित २५ शय्याको गण्डकी आयुर्वेद अस्पताल र धवलागिरि आयुर्वेद अस्पतालको स्तरवृद्धिका लागि आवश्यक बजेटको प्रबन्ध गरिदिन सङ्घ सरकारसँग माग गरिएको बताउनुभयो ।



प्रदेश सरकारले प्राकृतिक चिकित्सा, आयुर्वेद उपचार पद्धति र मेडिकल विज्ञानसमेत सेवालाई एकै ठाउँबाट प्रवाह हुने गरी स्वास्थ्य प्रवर्द्धन केन्द्र स्थापनाको लक्ष्य लिएको उहाँले बताउनुभयो । उक्त केन्द्रका लागि राष्ट्रिय खेलकुद परिषद्को नाममा पोखरा रङ्गशाला परिसरमा रहेको पाँच रोपनी सात आना जग्गा प्राप्तिका लागिसमेत सहजीकरण गरिदिन प्रधानमन्त्रीसमक्ष माग राखिएको मन्त्री पाठकको भनाइ छ ।

गण्डकी प्रदेश सरकार र स्थानीय तहअन्तर्गत सञ्चालित अस्पताल र स्वास्थ्य संस्थाको भौतिक पूर्वाधार निर्माणदेखि स्वास्थ्य सेवाको गुणस्तर वृद्धिका लागि आवश्यक स्रोतसाधनको व्यवस्थाका लागि सङ्घ सरकारसँग माग गरिएको उहाँले बताउनुभयो । स्वास्थ्य क्षेत्र सुधारको लक्ष्यसहित अल्पकालीन, मध्यकालीन र दीर्घकालीन योजना बनाएर मन्त्रालयले काम सुरु गरेको मन्त्री पाठकको भनाइ छ । स्वास्थ्य क्षेत्रको नीतिगत, संस्थागत र संरचनागत सुधारको खाकासहित भावी कार्ययोजना बनाइएको उहाँले बताउनुभयो ।

मन्त्रालयको कार्ययोजनाअन्तर्गत कानूनी सुधार, सुशासन, आपूर्ति व्यवस्थापन, मातृ तथा शिशु स्वास्थ्य सेवा सुदृढीकरण, संस्थागत क्षमता विकास तथा विस्तार, सेवा प्रवाह तथा गुणस्तरको सुनिश्चितता, सूचना व्यवस्थापन, जनस्वास्थ्य आपतकालीन तयारी र प्रतिकार्य, सर्ने तथा नसर्ने रोगको व्यवस्थापनलगायतका विषय समेटिएका छन् ।

"नागरिकलाई सर्वसुलभ र गुणस्तीय स्वास्थ्य सेवा प्रवाहका लागि स्वास्थ्य मन्त्रालय प्रतिबद्ध छ" मन्त्री पाठकले भन्नुभयो ।रासस

# सजाइयो छठ घाट

**टुडे समाचारदाता**

जनकपुरधाम । लोक आस्था तथा श्रद्धाको महापर्व छठका लागि जनकपुरधामसहितका विभिन्न पोखरीहरुमा घाट निर्माण पूरा भएको छ ।



जनकपुरधामका गंगा सागर, धनुष सागर, अंगराजसर सागर, महाराजसागर, रत्न सागर, गोरधोइ, भूतही पोखरी, मटकोरबा पोखरी, दुधमती घाटलगायत जलाशयलाई स्थानीयले सरसफाइ गरेर सजाएको छ ।

विभिन्न तलाउका डिलमा टेन्ट लगाएर घाटहरु निर्माण गरिएको छ । घाटमा रातिको समयमा आकर्षक देखिने रंगबिरंगी लाइट लगाएर सिंगारिएको छ । जताततै छठका गितहरु गुञ्जिन थालेपछि रौनकता बढेको छ ।

छठको पहिलो दिन मंगलबार ब्रतालुले नहायखाय गरी छठ पर्व आरम्भ गरेका थिए । बुधबार दोस्रो दिन खरना विधि सम्पन्न गरिएको छ । भने बिहीबार छठको मुख्यदिन अस्ताउँदो सूर्यलाई अर्घ दिइने छ । शुक्रबार बिहान उदाउँदो सूर्यलाई फेरि अर्घ दिएर व्रत समापन हुनेछ ।

छठमा ब्रतालुले मुख्यतया सूर्यदेवको पूजापाठ गर्छन् । सूर्यको आराधनाबाट सुख, समृद्धि र सन्तान प्राप्ति एवं चर्मरोग निको हुने धार्मिक विश्वास रहेको छ ।

छठ पर्वको मुख्य प्रसादका रूपमा ठकुवा, भुसवा, केरा, फलफूल, मिठाइ, अदुवा, माटोबाट निर्मित हात्ती, कुर्वार, दियो, घैटो, उखुलगायत बासबाट बनेका अन्य सामग्री चढाइने गरिन्छ ।

# उपनिर्वाचनका लागि एमालेका उम्मेदवार चयन

**टुडे समाचारदाता**

रौतहट । रौतहटमा आगामी मङ्सिर १६ गते हुने उपनिर्वाचनका लागि नेकपा एमालेले उम्मेदवार टुंग्याएको छ । उपनिर्वाचनमा रौतहटका विभिन्न पालिकाका तीनवटा वडाहरूमा निर्वाचन हुँदैछ ।




जिल्लाको राजपुर नगरपालिका वडा ६, इशनाथ नगरपालिका वडा ७ र गढीमाई नगरपालिका वडा नम्बर ८ मा उपनिर्वाचन हुने भएको छ ।

नेकपा एमालेको जिल्ला सचिवालय बैठकले राजपुर नगरपालिका- ६ को वडाअध्यक्षमा नासिम अख्तर, इसनाथ नगरपालिका-७ को वडा अध्यक्षमा शेख अनवर र गढीमाई नगरपालिका- ८ मा जिउती देवी यादवलाई उम्मेदवार बनाउने निर्णय गरेको नेकपाका जिल्ला सचिव बाबुराम दाहालले बताएका छन् । मङ्सिर १६ गते हुने उपनिर्वाचनका लागि निर्वाचन आयोगले मङ्सिर २ गते उम्मेदवारको मनोनयन दर्ताको कार्यतालिका सार्वजनिक गरेको छ । चयन भएका तीनवटै वडा अध्यक्षका उम्मेदवारहरूलाई निर्वाचित गर्न एमाले रौतहटका अध्यक्ष सचिदानन्द शाहले विज्ञप्ति मार्फत सम्पूर्ण पार्टी पङ्क्तिलाई एकजुट भएर अघि बढ्न आग्रह गरेका छन् ।

# रुखबाट खसेर एक जना वृद्धको मृत्यु

**टुडे समाचारदाता**

मलंगवा । सर्लाहीमा रुखबाट खसेर एकजना वृद्धको मृत्यु भएको छ ।

जिल्लाको लालबन्दी नगरपालिका-१ स्थित नवलपुरमा बुढाथोकी रुखबाट खसेर स्थानीय ७२ वर्षीय छत्रबहादुर कार्कीको रुखबाट लडेर मृत्यु भएको छ ।

इपिलको रुखमा चढेर घाँस झार्ने क्रममा कार्की रुखबाट खसेका थिए । रुखबाट लडेर गम्भीर घाइते भएका कार्कीलाई स्थानीय मेडिकलमा सामान्य उपचारपछि थप उपचारका लागि नेशनल मेडिकल कलेज वीरगञ्ज लगिएको थियो । तर उनको उपचारको क्रममा मृत्यु भएको इलाका प्रहरी कार्यालय नवलपुरले जनाएको छ ।

# बहुदरमाई नगरपालिकाका कर्मचारी र शिक्षकले तलब पाएनन्

**टुडे समाचारदाता**

वीरगञ्ज । स्थानीय सरकार सञ्चालन ऐन अनुसार स्थानीय तहले असार १० सम्ममा आगामी आर्थिक वर्षको राजस्व र व्ययको अनुमान गाउँसभा/नगरसभामा पेस गर्नुपर्ने व्यवस्था छ । सो ऐनको दफा ७३ मा सभाबाट बजेट स्वीकृत भएको ७ दिनभित्र स्थानीय तहका प्रमुखले प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गर्नुपर्ने व्यवस्था छ ।




तर पर्साको बहुदरमाई नगरपालिकाको आर्थिक वर्ष ०८१/०८२ को बजेट निर्धारित समयभन्दा भन्दा झन्डै ४ महिना पछि गत कार्तिक ८ गते ११ औँ नगरसभामा प्रस्तुत गरेका थिए । नगरसभाबाट बजेट पारित भए पनि नगरप्रमुख सिंगासन साह तेलीले प्रमुख प्रशासकीय अधिकृतलाई खर्चको अख्तियारी नदिँदा हालसम्म बजेट निकासा भएको छैन । साउनयता कर्मचारी, शिक्षकले तलब पाएका छैनन् । सामाजिक भत्ता समेत वितरण हुन सकेको छैन ।

नगरपालिकाका कर्मचारीका अनुसार कार्तिक ८ मा बजेट पारित भएको चौथो दिनको बिहानसम्ममा नगरसभाका निर्णयहरु सफ्टवेयर (शुत्र) मा इन्ट्री गरिसकिएको थियो । सफ्टवेयरबाट प्रिन्ट भएको कागजात (योजना र बजेट) नगर प्रमुखले हस्ताक्षर गरेपछि प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियार प्रदान हुन्छ । निर्णय प्रमाणित गरी अख्यितारी दिन पटक-पटक नगरप्रमुखलाई जानकारी गराउँदा पनि आलटाल गरेको कर्मचारीले बताएका छन् ।

सोको दुईदिनपछि कार्तिक १३ गते पनि आफूले नगरप्रमुखलाई फोन गरी हस्ताक्षर गर्न आग्रह गरेको उनले बताए । नगरप्रमुख सिंगासन साह तेलीले बिदाका कारण आफूले निर्णय अध्ययन नगरेकाले हस्ताक्षर नगरेको प्रतिक्रिया दिएका छन् । 'के के इन्ट्री भयो, त्यो नहेरी कसरी साइन गर्नु ? उनले भने, 'छुट्टी परेकाले अध्ययन गर्न पाएको छैन ।' आफू कहाँ योजना किताब नै नआएको उनले बताए ।

प्रमुख प्रशासकीय अधिकृत मुस्ताफाले नगरसभा हुनुभन्दा ३ दिन अगाडि नै नगरप्रमुखज्यूलाई मस्यौदा देखाएको बताए ।

आगामी वर्षको बजेट निर्माणका लागि सुरुमा स्रोत समितिको बैठक बस्छ । त्यसले निर्णय गरेपछि बजेट तर्जुमा समितिमा पेश हुनेछ ।

तर्जुमा समितिमा निर्णय गराउनुभन्दा अगाडि सबै योजना र बजेट देखाएर निर्णय गरिएको थियो । तर्जुमा समितिले निर्णय गरेको छ ।

प्रमुख प्रशासकीय अधिकृतले बदमासी भएको छ भने कारबाही होस्, तर, हस्ताक्षर त गर्नुपर्यो नि भन्ने जिकिर गर्छन् । नगरसभाबाट पारित भएका योजना र बजेट नै सफ्टवेयरमा इन्ट्री गरिएको मुस्तफाको दाबी छ । नगरसभा सम्पन्न भएर पनि मेयरले खर्चको अख्तियारी नदिएकाले वडाध्यक्षहरुले मंगलबार नगरपालिकाका कर्मचारी, मेयर र उपमेयरलाई राखेर प्रश्न गरेका थिए । मेयरले आफूले निर्णय कपी नपाएकाले साइन नगरेको प्रतिक्रिया दिएका थिए भने कर्मचारीले नगरप्रमुखलाई फोन गरेर बोलाउँदा पनि साइन गर्न नआएको जवाफ दिएका थिए । आजै निर्णय कापी अध्ययन गरेर हस्ताक्षर गर्नुस् भनेर वडाध्यक्षहरुले दबाब दिएका थिए । खर्चको अख्तियारी नदिएर नगरपालिकालाई तहसनहस बनाएको आरोप लगाएका थिए । विवाद चर्किएपछि मेयर सिंगासन साह तेली छलफलबाट उठेर गएका थिए ।

वडा नम्बर ३ का वडाअध्यक्ष दिनेश प्रसाद यादवले सबै कर्मचारी, शिक्षकले तलब पाउन र सामाजिक भत्ता वितरण होस् भनेर दीपावलीभन्दा अगाडि नै नगरसभा गरेको बताए । तर, अब छठ पर्वमा समेत तलब पाउन छाँटकाट देखिएको छैन ।

# अस्ताइन् लोक गायिका सिन्हा

**टुडे समाचारदाता**



जनकपुरधाम । प्रसिद्धलोकगायिका शारदा सिन्हाको निधन भएको छ । भारतको नयाँ दिल्लीस्थित एम्स अस्पतालमा उपचारको क्रममा ७२ वर्षीया गायिका सिन्हाको मंगलबार साँझ निधन भएको भारतीय सञ्चारमाध्यमले जनाएको छ ।

मैथिली तथा भोजपुरी भाषाकी लोकगायिका सिन्हाले छठसंग सम्बन्धित 'डोमिनी बेटी सुप लेले ठार छे', 'अँगना में पोखरी खनाइब, छठी मैया आइथिन् आज', 'मोर ा,भैया गैल मुंगेर' लगायत गीत चर्चित छन् ।

ल ा े क गायिकासिन्हाले लोकआस्थाका रुपमा मनाइने पर्व छठको गीतलाई आफ्नो सुमधुर आवाजमार्फत जनस्तरमा पुऱ्याउनमा महत्वपूर्ण भूमिका रहेको छ ।

लोकगायिका सिन्हाले भारतको लब्धप्रतिष्ठित पद्यश्री र पद्यभुषण अवार्डसमेत प्राप्त गरेकी छन् । उनको एक छोरा र एक छोरी छन् ।

# छठ पर्वका व्रतालु महिलालाई साडीसँगै पूजा सामग्री वितरण



**टुडे समाचारदाता**

राजविराज । छठ पर्वका व्रतालु महिलाहरुलाई एक संस्थाले साडी तथा पुजा सामग्री वितरण गरेको छ ।

तराई/मधेश महिला फाउन्डेशनले बुधवार सप्तरीको रुपनी गाउँपालिका-२ स्थित लौवापार टोलमा विपन्न समुदायका ३ दर्जनभन्दा बढी छठव्रती महिलाहरुलाई साडी तथा छठ पुजन सामग्री वितरण गरेको छ । फाउण्डेशनकी अध्यक्ष सुनिता कुमारी साह "क्रान्ति"ले उक्त समाग्री छठव्रती महिलाहरुलाई वितरण गरेकी छन् ।

सो अवसरमा उनले विपन्न समुदायका महिलाहरुलाई छठ पर्व मनाउन सहजताका लागि सो सामग्री प्रदान गरिएको बताइन् । छठ व्रती महिलाहरुलाई वितरण गरिएको सामग्रीहरुमा साडी, सिन्दुर, टिका र पुजा लगायतका सामग्री छन् ।

# बैकिंग कसुरमा सिंह पक्राउ

**टुडे समाचारदाता**

राजविराज । बैकिंग कसुर मुद्दाका फरार प्रतिवादीलाई प्रहरीले पक्राउ गरेको छ ।

पक्राउ पर्नेमा सप्तरीको तिलाठी कोइलाडी गाउँपालिका-६ का ३६ वर्षीय चन्दन कुमार सिंह रहेका छन् ।

जिल्ला प्रहरी कार्यालय सप्तरीबाट खटेको प्रहरी टोलीले बुधबार सिंहलाई गाउबाटै पक्राउ गरेको छ । बैकिंगक कसुर मुद्दामा सप्तरी जिल्ला अदालतले पक्राउ पुर्जी जारी गरेपछि उनलाई पक्राउ गरिएको प्रहरी उपरीक्षक ढकेन्द्र खतिवडाले जानकारी दिए ।

जग्गा किन्ने नाममा स्थानीय भगवान लाल यादवसंग ४८ लाख ७५ हजार रुपैयाँ सापटी लिएका सिंहले फिर्ता गर्न आलटाल गर्दै आएको र धेरै समयपछि सोही बराबरको रकम दिएको चेक पनि बाउन्स भएपछि यादव प्रहरीमा पुगेका थिए । प्रहरीले बैकिंग कसुरमा परेको जाहेरी दर्ता गरी कानुनी प्रक्रिया अघि बढाएपछि अदालतबाट सिंह विरुद्ध पक्राउ पुर्जी जारी गरिएको थियो ।

यस्तै बुधवार नै दुईजना फरार प्रतिवादी प्रहरीले पक्राउ गरेको छ । पक्राउ पर्नेहरुमा सप्तरीको डाक्नेश्वरी नगरपालिका- ८ का अजय कुमार खंग र विजय मण्डल रहेका छन् । दुबै जनालाई कैद/जरिवाना भुक्तानका लागि सप्तरी जिल्ला अदालत समक्ष उपस्थित गराइएको जिल्ला प्रहरी कार्यालय सप्तरीले जनाएको छ ।

अत्यन्त जरुरी सूचना

नेपाल सरकारले ननग्रेडड तथा SEE फेल को लागि उच्च शिक्षामा अध्ययन गर्न बाटो खोल्यो, ८० प्रतिशत प्राक्टिकल शिक्षामा अधारित पाठ्यक्रम भएको CTEVT बाट स्वीकृत तपसिलको कोर्षहरुमा भर्ना खुल्यो ।

१. प्रि- डिप्लोमा इन कम्पुटर इन्जिनियरिंग
२. प्रि- डिप्लोमा इन इलेक्ट्रिकल इन्जिनियरिंग
३. सर्भे इन्जिनियरिंग (अमिन नापी) तालिममा भर्ना खुल्यो

यस कोर्षहरुमा १ वर्षको अध्ययन अध्यापन र ६ महिनाको OJT हुने छ ।

४. डिप्लोमा इन इलेक्ट्रिकल इन्जिनियरिंग - ३ बर्षे कार्यक्रममा केही सीट रित्त रहेकोले इच्छुक विद्यार्थीहरु समयमै सम्पर्क गर्नुहोला ।

सम्पर्क स्थान
नेपाल टेक्निकल इन्स्टिच्युट, जनकपुरधाम
सम्पर्क नं. ०४१-५२७३३६, ९८०११२४३३६, ९८०१०४८६१७, ९८५४०२४६०३

भर्ना खुल्यो ! भर्ना खुल्यो !! भर्ना खुल्यो !!!

पुर्बान्चल विश्वविद्यालयबाट सम्बन्धन प्राप्त सबै भन्दा पुरानो, उच्चतम परीक्षाफल, नेपाल इन्जिनियरिंग परीषद बाट मान्यता प्राप्त मधेश प्रदेशको इन्जिनियरिंग कलेजको १६ औं ब्याचमा भर्नाको लागि समयमै सम्पर्क गर्नुहोला ।

BE CIVIL 4 Years
BBA 4 Years
MBA 2 Years

फाराम भर्ने अन्तिम मिति २०८१/७/२२ गते सम्म

सम्पर्क स्थान
सेन्ट्रल इन्जिनियरिंग/म्यानेजमेन्ट कलेज, जनकपुरधाम
सम्पर्क नं. ०४१-५२७३३६, ९८५४०२१८९७, ९८०१०४८६१७, ९८५४०२४६०३






जनकपुर टुडे मिडिया ग्रुप प्रा.लि.द्वारा प्रकाशित प्रधान सम्पादक : बृजकुमार यादव, ठेगाना : जनकपुरधाम, फोन नं. ०४१-५९११०१, E-mail : jtodaynews@gmail.com, jtodayad@gmail.com, Website : www.ejanakpurtoday.com, जि.प्र.का.ध.द.नं. ९१/०५७/५८